का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ जेठ २०८०,
आइतबार
4 June 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक १२९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com






# आफ्नै विगतले गिज्याउने प्रष्टोक्ति

चारदिने भारत भ्रमण सकेर स्वदेश फर्किएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले परिणाममुखी सहमति/सम्झौता भएको दाबी गरे । तर गेरुवस्त्र लगाएर भारतमा गरेको पूजाअर्चनाबारे दिएको प्रष्टोक्ति भने प्रचण्डकै राजनीतिक पृष्ठभूमीलाई गिज्याउने प्रकृतिको थियो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० जेठ ।

चार दिने भारत भ्रमण सकेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड शनिबार स्वदेश फर्किएका छन् । प्रधानमन्त्री बनेको पाँच महिनापछि १७ जेठमा भारत भ्रमणमा गएका थिए । भारत भ्रमणका क्रममा प्रचण्डले समकक्षी नरेन्द्र मोदीसँग उर्जा र ब्यापार सम्बन्धी केही अर्थपूर्ण सम्झौता गरेका छन् । संयुक्त प्रेस सम्मेलनमा समकक्षी मोदी र प्रचण्डले विशेषगरी उर्जाको क्षेत्रमा दीर्घकालीन महत्व राख्ने सम्झौता भएको बताए ।

शनिबार स्वदेश फर्किएका प्रचण्डले पनि आफ्नो भारत भ्रमण परिणामुखी बनेको दाबी गरे । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरुसँग प्रधानमन्त्री प्रचण्डले मूलभुत रुपमा सोचेको कुरा पुरा भएको बताए । 'केही महत्वपूर्ण र दुरगामी सहमति समझदारी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# व्यक्तिगत स्वीकृतिमा वैदेशिक रोजगारमा जाने ह्वात्तै बढे करोडौं लगानीका म्यानपावर कम्पनी मुकदर्शक

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० जेठ

व्यक्तिगत श्रम स्वीकृतिका माध्यमबाट वैदेशिक रोजगारीमा जाने प्रवृत्ति अस्वभाविकरूपमा बढेको छ । वैदेशिक रोजगार विभागबाट वैशाख महिनामा भएको श्रम स्वीकृतिको तथ्यांक केलाउने हो भने एशियाली मुलुक जापानदेखि सिंगो युरोपेली मुलुकमा नेपाली कामदार व्यक्तिगत श्रम स्वीकृतिका माध्यमबाट गइरहेको देखिन्छ ।

वैशाख महिनामा वैदेशिक रोजगारका लागि संस्थागतरूपमा २१ जना गएको क्रोएसियामा व्यक्तिगतरूपमा १ सय ७६ जना, संस्थागतरूपमा ६२ जना गएको जापानमा व्यक्तिगतरूपमा ५ सय ४ जना, संस्थागतरूपमा एक जना पनि नगएको माल्दिभ्समा व्यक्तिगतरूपमा ३ सय ४८ जना गएका छन् ।

त्यस्तै संस्थागतरूपमा एक जना पनि कामदार नगएका मुलुकमध्ये पोल्याण्डमा व्यक्तिगतरूपमा ६ सय २६ जना, पोर्चुगलमा ५६ जना, सर्भियामा ७८ जना, सिसेल्समा २० जना, सिंगापुरमा १५ जना, बेलायतमा १ सय ४९ जना, अमेरिकामा २८ जना, टर्कीमा १२ जना, स्पेनमा ११ जना र श्रीलंकामा १४ जना गएका छन् ।

त्यसअघि चैत महिनाको तथ्यांक पनि वैशाख महिनाको जस्तै छ । चैतमा पनि युरोपेली मुलुकमा संस्थागतभन्दा व्यक्तिगत श्रम स्वीकृतिमा जाने बढी छन् । व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाँदा कामदार अप्ठेरोमा परे उनीहरूका तर्फबाट बोलिदिने पक्ष नहुँदा समस्या पर्ने गरेको छ ।

पछिल्ला दिनमा कम्बोडिया, सिजनल भिसा भन्दै अष्ट्रेलिया र क्यानडामा पनि व्यक्तिगत श्रम स्वीकृतिमा ठूलो संख्यामा नेपाली कामदार रोजगारीमा गइरहेको देखिएको छ । कतिपय अध्ययनका लागि भन्दै वैदेशिक रोजगारकै उद्देश्यले जाने गरेका छन् । हाल शैक्षिक परामर्शदाताका हैसियतमा दर्ता भएका एजुकेसन कन्सल्ट्यान्सी, तालिम केन्द्रदेखि ट्राभल्स एजेन्सीले व्यक्तिगत श्रम स्वीकृतिमा कामदार पठाउन ठूलो संख्यामा राहदानी होल्ड गरेर राखेको बताइन्छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी मागपत्र प्रमाणीकरणमा रहेको समस्याका कारणले खाडी मुलुक र मलेसियाको तुलनामा तलब र मानव अधिकारका दृष्टिकोणले राम्रा युरोपेली मुलुकमा म्यानपावर कम्पनीले कामदार पठाउन नपाएको बताउँछन् । उनले भने, 'राम्रा मुलुकमा कामदार पठाउने प्रबन्ध गर्न पटक-पटक सरकारी निकायलाई झक्झकाएका छौं, तर सजहरूपमा मागपत्र प्रमाणीकरण हुन सकेको छैन ।'

त्यसैगरी संघमा अन्तर्राष्ट्रिय समन्वय समितिको जिम्मेवारी पाएका पृष्ठ २ मा

## अदालतमा बयान

# 'यो कुरा लिएर प्रचण्डको घर पुगेका थियौं'

नक्कली भुटानी शरणार्थी प्रकरणमा शनिबारदेखि जिल्ला अदालत काठमाडौंमा बयान शुरु भएको छ । बयानका क्रममा भीभीआईपीहरु कसरी यो प्रकरणमा जोडिएका थिए भन्ने खुलेको छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० जेठ ।

नक्कली भुटानी शरणार्थी प्रकरणबारे काठमाडौं जिल्ला अदालतमा शनिबारदेखि बयान शुरु भएको छ । जिल्ला न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्नको आशंकामा पक्राउ परेकाहरुको बयान शुरु भएको हो ।

२ महिना लामो अनुसन्धान गरेर १० जेठमा सरकारी वकिलको कार्यालय मार्फत जिल्ला अदालत काठमाडौंमा ३० जनाविरुद्ध ठगी, लिखित कीर्ते, राज्यविरुद्धको अपराध र संगठित अपराध मुद्दा चलाइएको छ । ती मुद्दामाथि शनिबारदेखि जिल्ला अदालत काठमाडौंले बयान शुरु गरेको हो ।

पहिलो दिन, १७ जनाले बयान दिएका छन् । त्यस मध्ये भुटानी शरणार्थी नेता टेकनाथ रिजालले भीभीआईपी तान्न पुष्टि हुनेगरी बयान दिएका छन् । उनको बयान अनुसार, यो प्रकरणका मुख्य योजनाकार पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझी हुन् । रिजालले रायमाझीसहित भएका गतिविधिहरु बयानमा भनेका छन् ।

रिजालका अनुसार, तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राईले यो प्रकरणमा नीतिगत सहयोग गरेका थिए । राईले नीतिगत सहयोग गर्दा रायमाझीले शीर्ष नेताहरुसम्म यो कुरा लैजान सहयोग गरेका थिए ।

रिजालले केशव दुलाल र सानु भण्डारीले आफूलाई रायमाझीसम्म लगेको बताएका छन् । त्यसपछि रायमाझी, दुलाल र भण्डारी सहित आफूहरु पुष्पकमल दाहाल प्रचण्डको घरमा भएको रिजालले बयान दिएका छन् । तर प्रचण्डले समाधान गर्न सकिने विषय भए रायमाझीले नै काम गर्ने जवाफ दिएको रिजालले बयानमा भनेका छन् ।

बयानका क्रममा रिजालले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख प्रेमकुमार राईको पनि नाम लिएका छन् । राईलाई काम नहुने भए पैसा फिर्ताका लागि सहयोग मागेको, अनि राईले पनि कुरा गरिदिने बचन दिएको रिजालको बयान छ ।

शनिबार नै पूर्वगृहमन्त्री बालकृष्ण खाँण र पूर्व गृहमन्त्री टेकनारायण पाण्डेको पनि बयान भएको छ । त्यसक्रममा पाण्डेले खाँणलाई जोगाउन केशव दुलालको बयान सच्याउन चलखेल गरेको पुष्टि हुनेगरी बयान दिएका छन् ।

यो प्रकरणमा प्रहरीले सानु भण्डारी, केशव दुलाल सहित तीन जनालाई पहिले पक्राउ गरेको थियो । उनीहरुले प्रहरीलाई दिएको बयान र प्रमाणका आधारमा बादलका सल्लाहकार इन्द्रजित राई, गृहका पूर्व सचिव टेकनारायण पाण्डेलाई प्रहरीले पक्राउ गरेको थियो । उनीहरुको समेत बयानपछि २७ चैतमा पूर्व गृहमन्त्री खाँण पक्राउ परे ।

त्यसअघि पक्राउ पूर्जी जारी भएका पूर्वउपप्रधानमन्त्री एवम् नेकपा एमालेका सचिव रायमाझी पक्राउ परे । क्रमशः पूर्व सांसद आङटावा शेर्पा, भुटानी शरणार्थी नेता रिजाल, रायमाझीका छोरा सन्दीप पक्राउ परेका छन् । ८७५ जनालाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउन प्रतिव्यक्ति ५ देखि ५० लाखसम्म अशुल गरिएको यो प्रकरणलाई चासोका साथ हेरिएको छ ।

खेतीयोग्य जमिनमा बस्ती नसालौं ।

- खेतीयोग्य जमिनमा बसोबास नगरौं/ नगराऔं,
- हरियाली वातावरणसहितको नमूना वस्तीको विकास गरौं,
- सिंचाई सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं,
- गाउँ वस्तीलाई नमूना वस्तीमा रुपान्तरण गरौं,
- समृद्ध नेपालको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# चार दशकयताकै ठूलो रेल दुर्घटना



काठमाडौं/एजेन्सी- भारतको ओडिशा राज्यको बालासोरमा द्रुत गतिमा हुँइकिएका तीन वटा रेल एकआपसमा ठोक्किएर दुर्घटना हुँदा कम्तीमा दुई सय ६१ जनाको मृत्यु भएको छ । शुक्रबार बिहान भएको उक्त दुर्घटनामा अन्य ९ सय जना भन्दा बढी घाइते भएका छन् ।

दक्षिणपूर्वी रेलवेका अनुसार, घाइते यात्रुहरूको राज्यको गोपालपुर, खन्तपारा, बालासोर, भद्रक र सोरोका अस्पतालमा उपचार भइरहेको छ ।

यो भारतमा भएको विगत चार दशकयताकै सबैभन्दा ठूलो रेल दुर्घटना हो । यसअघि भारतको सबैभन्दा ठूलो रेल दुर्घटना सन् १९८१ मा भएको थियो । त्यस बेला बिहार राज्यमा एउटा चक्रवातको समयमा यात्रुहरूको भिड भएको रेल नदीमा खसेको थियो । त्यस बेला कम्तीमा ८ सय जनाको ज्यान गएको थियो ।

यसैबीच भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले ओडिशाको बालासोर पुगेर रेल दुर्घटनास्थलको अवलोकन गरेका छन् । उनले रेलमन्त्री अश्विनी वैष्णव केन्द्रीय मन्त्री धर्मेन्द्र प्रधानसँग दुर्घटनाबारे जानकारी लिएका थिए । सो क्रममा प्रधानमन्त्री मोदीले यो दुर्घटनाप्रति सरकार गम्भीर रहेको र यसका लागि दोषी जो कोहीलाई पनि नछोडिने बताए ।

प्रधानमन्त्री मोदीले मन्त्रिपरिषद् सचिव र स्वास्थ्यमन्त्रीलाई फोन गरेर पीडित परिवारलाई सक्दो सहयोग गर्न निर्देशन दिए । लगत्तै उनले अस्पताल पुगेर घाइतेको अवस्थाबारे पनि जानकारी लिएका थिए ।

विस्तृत समाचार पृष्ठ ५ मा...

घर भाडामा

४ तला सहितको Commercial फ्ल्याट
प्रत्येक तलाको क्षेत्रफल: १८०० वर्ग फिट,
पार्किङको लागि पर्याप्त स्थान भएको ।
मानपावर एजेन्सी, ट्राभल एजेन्सी, बैंकिंङ तथा वित्तिय संस्था, क्षेत्र आदिको लागि उपयुक्त
स्थान: गाउले खसी, बसुन्धरा नजिकै

थप जानकारीका लागि सम्पर्क:
९८४१९४५४७५, ९८५१०९६९४९

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२१ जेठ २०८०, आइतबार
4 June 2023, Sunday

# ‘शुद्धीकरणबिना सुशासन सम्भव छैन’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० जेठ

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमन लाल मोदीले शुद्धीकरण बिना सुशासन सम्भव नहुने बताएका छन् ।

नेपाल राष्ट्रिय कर्मचारी संगठनद्वारा शनिबार इटहरीमा आयोजना गरिएको कर्मचारीहरुको लागि प्रदेश स्तरीय प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, ‘कहीँ न कहीँ शुद्धीकरण चाहिन्छ । एउटा राजनीतिक तहमा र अर्को कर्मचारीतन्त्रभित्र पनि शुद्धीकरणको आवश्यकता छ । दुवैतिर जबसम्म शुद्धीकरण हुन सक्दैन, तबसम्म सुशासन सम्भव छैन ।’

मन्त्री मोदीले सबैको कार्यशैलीलाई सुधार गर्दै सुशासनको यात्रामा अगाडि बढ्नुपर्ने बताए । उनले थपे, ‘हाम्रो व्यवहार र शैलीमा शुद्धीकरण नभएसम्म देशका सबै क्षेत्रका जनताले सहज रुपमा




सेवा पाउने र सुशासन कायम गर्ने कुरा सम्भव छैन ।’

उनले अहिलेको व्यवस्थालाई सक्षम र बलियो बनाउनका लागि राजनीतिक र प्रशासनिक दुवै क्षेत्र एकाकर भएर अघि बढ्नुपर्ने पनि बताए ।

यस्तै उनले आफूले सम्हालेको मन्त्रालयमा पहिल्यैदेखि आर्थिक लेनदेनको हल्ला चल्ने गरेको बताउँदै आफू आएपछि त्यसको अन्त्यका लागि निर्क्यौल भएका बिचौलिया र दलाललाई मन्त्रालय प्रवेशमा निषेध गरेको समेत बताए ।

‘हामीले सुशासनको पक्षमा दर्जनौं दुरगामी निर्णय गरेका छौँ । हाम्रो मन्त्रालयमा पनि पहिले आर्थिक लेनदेनका कुराहरु सुन्थ्यौँ । सरुवामा आर्थिक लेनदेन गरेको एउटा मात्रै प्रमाण भेटिएको खण्डमा किन्तु परन्तु कसैलाई छाड्दैनौँ’ उनले भने, ‘हाम्रो मन्त्रालयमा देखा परेका कोही दलाल र बिचौलिया हो भन्ने थाहा पायौँ भने उसलाई मन्त्रालय प्रवेशमा निषेध गरेका छौँ ।’

प्रशासन क्षेत्रको व्यापक सुधारका लागि अब दण्ड र पुरस्कारको पनि विधि स्थापित गर्न खोजिरहेको समेत सुनाए । मन्त्री मोदीले पछिल्लो समय कर्मचारीमाथि जनताको अविश्वास पैदा भएको बताउँदै भने, ‘पुरानै ढर्रा, पुरानै शैलीबाट कर्मचारी चलिरहँदा त्यसको प्रश्न कर्मचारीमाथि मात्रै होइन, राजनीतिक दलमाथि पनि परिरहेको छ । यो कुरालाई गम्भीरतापूर्वक ध्यानमा राखेर कर्मचारीले कार्य सम्पादन गर्नुपर्ने भएको छ ।’

# ‘मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार’ राससका अध्यक्ष झालाई

**मध्यान्ह संवाददाता**
रौतहट, २० जेठ

राष्ट्रिय समाचार समिति(रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झालाई यस वर्षको ‘मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार’ प्रदान गरिएको छ । रौतहटको गरुडामा शनिबार आयोजित ‘ मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार’ वितरण कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल र गरुडा नगरपालिकाका नगरप्रमुख कन्तमणि जयसवालले अध्यक्ष झालाई सो पुरस्कार प्रदान गरेका हुन् ।

कोभिड १९ संक्रमणका कारण गत २०७८ साल वैशाख २९ गते रौतहटका पत्रकार मनोज चौधरीको निधन भएको थियो । उनको स्मृतिमा नेपाल पत्रकार महासंघ रौतहट शाखाद्वारा २०७९ सालमा स्थापित नगद रु. २५ हजार राशीसहितको सो पुरस्कार अघिल्लो वर्ष वरिष्ठ पत्रकार कुमार विवेकानन्द मिश्रलाई प्रदान गरिएको थियो ।

पुरस्कार वितरण कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले सामाजिक विभेद अन्त्यका लागि सशक्त पत्रकारिता, पत्रकारको पेशागत सुरक्षा र श्रमको सम्मानका लागि न्यूनतम पारिश्रमिक लागु गर्न सरकारसँग आग्रह गरे । उनले पत्रकारको पेशागत सुरक्षा, सम्मान र मर्यादित पत्रकारितालाई ध्यान दिएर महासंघ



अघि बढिरहेको बताए ।

महासंघको ओज र गरिमालाई कायम राख्न र पत्रकारिता पेशालाई विश्वसनीय बनाउन महासंघले सदस्यता शुद्धीकरणको अभियान शुरु गरेको बताउँदै उनले सदस्यता शुद्धीकरण अभियानलाई सफल बनाउन सबैको साथ र सहयोगको आवश्यकता रहेको बताए ।

राससका अध्यक्ष झाले पत्रकारितामा शुद्धीकरण जरुरी रहेको बताउँदै संस्थागत गरिमालाई कायम राख्न आफ्नो कार्यकालमा पनि शुद्धीकरण गर्न पहल गरिएको बताए ।

नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष समेत रहेका झाले पत्रकारिता नगर्ने र पत्रकारिता पेशालाई बदनाम गर्ने काम अब रोक्नु आवश्यक रहेको उल्लेख गर्दै पत्रकारितालाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन सबै इमान्दार बन्नुपर्ने बताए ।

कार्यक्रममा न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगिता खड्काले पत्रकारहरुको आर्थिक अवस्था सुधार्नका लागि सरकारलाई सुझाव दिएको बताउँदै समितिले गरेको सिफारिस कार्यान्वयन हुनेमा विश्वास व्यक्त गरिन् ।

नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष प्रेमचन्द्र झाको अध्यक्षतामा भएको कार्यक्रममा महासंघका मधेश प्रदेश अध्यक्ष राजेश कुमार कर्णले साना लगानीका सञ्चार माध्यमहरुको संरक्षण गर्न राज्यको प्रष्ट धारणा राख्नुपर्ने बताए । राज्यले सञ्चारमाध्यमलाई नियन्त्रण गर्न खोजेको गुनासो गर्दै उनले जेष्ठ पत्रकारहरुलाई सम्मानसहित भरणपोषणको व्यवस्था हुनुपर्ने बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व सचिव तथा राससका कार्यकारी व्यवस्थापक सितल महतो, गुरुडा नगरपालिकाका नगरप्रमुख कन्तमणि जयसवाल, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शिवपुरी, केसी लामिछाने, नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिका महासचिव श्याम बञ्जारा लगायतले मन्तव्य राखेका थिए ।

## यार्सा टिप्न गएका पुरुषको मृत्यु

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २० जेठ

हिमाली जिल्ला डोल्पामा यार्सा टिप्न गएका जाजरकोटका एक पुरुषको मृत्यु भएको छ । जाजरकोट बारेकोट गाउँपालिका-८ जुगेनाका अन्दाजी ३९ वर्षीय जंगबहादुर भुलको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय डोल्पाका अनुसार उनी गत वैशाख २२ गतेदेखि यार्सा टिप्न डोल्पोबुद्ध गाउँपालिका- ३ तास्कीको थाङबुचे पाटनमा थिए ।

शुक्रबार उनलाई एक्कासी श्वासप्रश्वासमा समस्या देखिएपछि उपचारका लागि डोल्पोबुद्ध गाउँपालिका- १ धोमा ल्याइएको थियो । स्थानीय स्वास्थ्यकर्मीद्वारा उपचार भइरहेकै अवस्थामा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय डोल्पाले जनाएको छ ।

# मुसिकोटमा एकदिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम

रुकुम पश्चिमको मुसिकोट नगरपालिका वडा नं १४ को श्री प्रभात माध्यामिक विद्यालयमा एक दिने स्वास्थ्य शिविर सम्पन्न भएको छ । मुसिकोट नगरपालिका र मानव विकास तथा सामुदायिक सेवाअन्तर्गत चौरजहारी अस्पताल र मेहर परियोजनाको संयुक्त आयोजना तथा आर्थिक सहयोगमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको हो ।

शिविरमा चौरजहारी अस्पतालका प्रशासक डिलबहादुर गिरी र हाडजोर्नी विशेषज्ञ डाक्टर निम्रोद सुब्बासहित १८ जना स्वास्थकर्मीको टोली खटिएको परियोजना संयोजक



बासुदेव सापकोटाले बताए । उक्त शिविरबाट भिडियो एक्सरे, रक्त समूह जाँच, गर्भ जाँच, नाक, कान, घाँटी, तल्लो पेट दुख्ने, ज्वरो, रुघाखोकीजस्ता विभिन्न समस्या भएका ३ सय ६० जना महिला र २ सय १ जना पुरुष गरी जम्मा ५ सय ६१ जनाले सेवा लिएको चौरजहारी अस्पतालका मेडिकल निर्देशक एवं हाडजोर्नी विशेषज्ञ डा निम्रोद सुब्बाले जानकारी दिए । जटिल समस्या भएकाहरुलाई भने अस्पताल रिफर गरिएको उनले बताए । साथै शिविरबाट १२ जना अपाङ्गता भएका व्यक्तिहरुले पनि सेवा लिएका थिए ।

# ‘लू’बाट बच्न सतर्कता अपनाउन महाशाखाको अनुरोध



काठमाडौं/मस-देशका तराई भू-भागमा आगामी केही दिनसम्म तातो हावा तथा ‘लू’ लाग्न सक्ने सम्भावना रहेकाले सोबाट बच्न आवश्यक सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ ।

तातो दिन तथा लूसम्बन्धी विशेष बुलेटिन जारी गर्दै महाशाखाले अबका पाँच दिनसम्म आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको हो ।

‘आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्था तथा विश्लेषणअनुसार तराईका धेरैजसो भू-भागमा अधिकतम र न्यूनतम तापक्रम क्रमिक रुपमा बढ्दै जाने देखिन्छ । तसर्थः तराईका भू-भागमा तातो हावा र लूबाट बच्न आवश्यक सतर्कता अपनाउन अनुरोध छ’, बुलेटिनमा उल्लेख छ ।

महाशाखाका मौसमविद् गोविन्दकुमार झाले अबका तीन दिनसम्म लूचल्ने सम्भावना रहेको बताए । ‘विगत दुई दिनदेखि तराईका अधिकांश भू-भागमा लू चलिरहेको छ । समग्रमा तराईको मध्य क्षेत्र सप्तरीदेखि भैरहवा क्षेत्रमा तापक्रम ४० डिग्री नाघेर तातो हावा तथा लू चलेको छ । नेपालगञ्जलगायत क्षेत्रमा तापक्रम ४० डिग्री हाराहारी छ, यसले गर्मी बढेको छ’, उनले भने ।

लू चल्नका लागि लगातार पाँच दिनसम्म सामान्यभन्दा ४० डिग्रीभन्दा माथि तापत्रम बढेमा लू चलेको मानिन्छ । वर्षा नहुँदा सुक्खापन चलेकाले तापक्रम बढेर लू चलेको मौसमविद् झाको भनाइ छ ।

साथै पहाडी भू-भागका उपत्यका तथा खोँचमा समेत तापक्रम क्रमिक रुपमा बढ्न सक्ने सम्भावना रहेकाले महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अद्यावधिक रहन पनि महाशाखाले अनुरोध गरेको छ ।

महाशाखाका अनुसार विगत केही दिनदेखि देशका अधिकांश भू-भागको अधिकतम तथा न्यूनतम तापक्रम वृद्धि भइरहेको छ । काठमाडौं उपत्यकालगायत देशका अन्य उपत्यकामा समेत तापक्रममा क्रमिक वृद्धि भइरहेको र देशको तराई भू-भागमा, मुख्यतयाः मध्य तराई र आसपासमा अधिकतम तापक्रत्र ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन भएको छ ।

तातो हावा तथा लूबाट हुने सम्भावित असर जस्तैः थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुःख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने देखिएकाले सोबाट बच्न आग्रह गरिएको छ ।

तातो हावा तथा लूबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने (घाममा हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ, जुस, सर्वत आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या आएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही सल्लाह सुझाव लिन पनि महाशाखाले सुझाएको छ ।

### आफ्नै...

भएको छ । यो भ्रमण जे भनेर गएको थिएँ, पूरा भएको छ’, प्रचण्डले भने । बिगतका भ्रमण भन्दा यसपटक कामकाजी बनेको दाबी गर्दै प्रधानमन्त्री प्रचण्डले आर्थिक क्रियाकलाप र द्विपक्षीय सहयोगको क्षेत्रमा केन्द्रीत भएको बताए ।

विशेषगरी दुई देशको राजनीतिक नेतृत्वमा रहेको अविश्वासको बातावरण फेरिएको प्रचण्डले बताए । ‘नेतृत्व लेभलमा विश्वासको बातावरण बन्यो’, प्रधानमन्त्री प्रचण्डले आफ्नो भ्रमणको उपलब्धिबारे भने ।

भ्रमणका क्रममा भएका सहमति सम्झौता पढेर प्रचण्डले सुनाएका थिए । नेपाल-भारत पारवहन सन्धी पुनरावलोकन, पेट्रोलियम पूर्वाधार निर्माण, दोधारा-चाँदनीमा एकीकृत जाँचचौकी तथा सुक्खा बन्दरगाह, फुकोट-कर्णाली र अरुण तेस्रो जल विद्युत लगायतबारे महत्वपूर्ण सहमति भएको प्रचण्डले बताए ।

सन् १९५० को मैत्री सन्धी संशोधन र सीमा समस्या लगायत हल गर्नेगरी बनेको प्रवृद्ध व्यक्ति समूह (ईपीजी) प्रतिवेदनबारे भने जानेरै कुरा नउठाएको पनि प्रधानमन्त्री प्रचण्डले बताए । त्यो कुरा उठाउँदा वातारण बिग्रने भएकाले ईपीजीबारे कुरा नउठाएको पनि प्रचण्डले बताए ।

‘ईपीजी सबैको चासो कुरा हो । तर यो विषयलाई बढी उचालेर आर्थिक र दिद्वपक्षीय सहयोगको क्षेत्र विस्तारको जो परिणामुखी वातावरण बनेको बिगार्नु उचित थिएन’, प्रचण्डले भने । ईपीजी प्रतिवेदन दुवै देशका प्रधानमन्त्रीकै सहमतिमा बनेको थियो ।

ईपीजीमा दुवै तर्फका जानकारहरु बसेर प्रतिवेदन तयार पारेका थिए । तर भारतीय संस्थापनले उक्त प्रतिवेदन बुझेको छैन । यसबारे कुरा उठाउँदा पनि बातावरण बिग्रने प्रधानमन्त्री प्रचण्डले प्रष्टोक्ति दिए । यसले प्रधानमन्त्रीकै भ्रमणको उपलब्धिमाथि प्रश्न उठेको छ ।

अझ त्यो भन्दा पनि प्रधानमन्त्री प्रचण्डले भारत भ्रमणका क्रममा गेरु वस्त्र लगाएर महाकालेश्वर मन्दिर पूजा गरेकोमा बढी आलोचना भइरहेको छ । धर्म निरपेक्ष देशका प्रधानमन्त्रीले अर्को देशको धार्मिक गतिविधिमा सामेल भएको भनेर प्रचण्ड नेतृत्वकै नेकपा माओवादी केन्द्रभित्र पनि कुरा चलिरहेको छ ।

प्रधानमन्त्री प्रचण्डले पनि गेरु वस्त्रबारे जवाफ दिएका छन् । गेरु वस्त्र नलगाउँदा भारतका एक अर्व मानिसको मनमा चिसो पस्ने भएकाले पनि आफूले स्वीकार गरेको बताएका छन् ।

‘लाउन्न भन्दा के हुन्थ्यो त, एक अर्व मान्छेको मनमा चिसो पस्थ्यो । ...मैलै सहज ढंगले लगाउँदा सबै खुशी’, प्रचण्डले भने । धर्म निरपेक्षता भन्नुको अर्थ सबै धर्मलाई उत्तिकै महत्व दिनु रहेको पनि प्रधानमन्त्री प्रचण्डले बताए । यद्यपि प्रचण्डको बिगतको राजनीतिलाई जोडेर यसपटकको भारत भ्रमणमा गरिएका ती गतिविधिको चर्को आलोचना भइरहेको छ ।

### व्यक्तिगत...

प्रथम उपाध्यक्ष डिकबहादुर खत्री ‘कुमार’ले ठूलो रकम धरौटी र बैंक ग्यारेन्टी लिएर निजी क्षेत्रका व्यवसायीलाई व्यवसाय सञ्चालन गर्न लाइसेन्स बाँड्ने, तर जथाभावीरूपमा व्यक्तिगत श्रम स्वीकृति दिने कामले नेपालको वैदेशिक रोजगार क्षेत्र जोखिम र व्यवसायी बद्नामीको अवस्थामा पुगेको बताए ।

प्रथम उपाध्यक्ष खत्रीले भने, ‘ व्यक्तिगत श्रम स्वीकृतिमा जाँदा कामदार अत्यन्तै जोखिममा परेर असुरक्षित देखिएपछि विगतमा त्यसलाई रोकिएको हो, तर अहिले कसको स्वार्थपूर्तिका लागि हो, करोडौं लगानीमा खोलिएका इजाजत प्राप्त म्यानपावर व्यवसायीलाई रोकेर व्यक्तिगत श्रम स्वीकृतिलाई बढावा दिइएको छ, व्यक्तिगतरूपमा गएका नेपाली समस्यामा परे भने प्रकारान्तरले वैदेशिक रोजगार व्यवसायी बद्नाम हुने अवस्था उत्पन्न हुने विषयमा पनि श्रम स्वीकृति दिने सरकारी निकायको ध्यान जान जरुरी छ ।’

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित, सुरक्षित, भरपर्दो, पारदर्शी तथा सहज बनाउँदै सेवाग्राहीलाई नजिकको स्थानबाटै सेवा प्रदान गर्ने भनेर गत १ वैशाखदेखि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि स्थानीय तहका रोजगार सेवा केन्द्रबाट नै आवेदन दिन सकिने व्यवस्था गरेको छ ।

सरकारले स्थानीय तहबाट नै सेवा प्रवाह हुनु बढी फलदायी हुने दाबी गरे पनि व्यवसायीले स्थानीय विकास र जनताका दैनिक प्रशासनिक काममा गर्नुपर्ने स्थानीय तह विदेशमा कामदार पठाउने एजेन्टका रूपमा परिणत हुने खतरा रहेको टिप्पणी गरिरहेका छन् ।

# विनेसा महासंघ लुम्बिनी प्रदेशद्वारा साहित्यिक विमर्श तथा स्वागत सम्मान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २० जेठ

विश्व नेपाली साहित्य महासंघ (विनेसाम) लुम्बिनी प्रदेश शाखाको आयोजनामा नेपालगन्जमा शनिबार साहित्यिक विमर्श तथा स्वागत सम्मान कार्यक्रम सम्पन्न भएको छ । विनेसाम लुम्बिनी प्रदेशका अध्यक्ष तथा साहित्यकार लेक प्रसाद प्याकुरेलको अध्यक्षता तथा त्रिभुवन विश्वविद्यालय नेपाली भाषा केन्द्रीय विभागका पूर्व प्रमुख तथा लुम्बिनी प्रदेश प्रादेशिक विश्वविद्यालय सेवा आयोगका सदस्य प्राध्यापक डा. कृष्ण प्रसाद घिमिरेको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो । विश्व नेपाली साहित्य महासंघ बाँके शाखाकी अध्यक्ष गीता अर्यालद्वारा सञ्चालित कार्यक्रममा ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पस खजुराकी क्याम्पस प्रमुख तथा विनेसाम लुम्बिनी प्रदेश शाखाकी उपाध्यक्ष चरित्रा शाहले स्वागत मन्तव्य राखेकी थिइन् । सो कार्यक्रममा प्रमुख अतिथि प्राध्यापक डा. कृष्ण प्रसाद घिमिरेले व्यानर वाचन गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए ।

कार्यक्रममा विशिष्ठ अतिथि विश्व नेपाली साहित्य महासंघ नेपालकी अध्यक्ष कल्पना पौडेल जिज्ञाशुले प्रमुख अतिथि प्रा.डा. घिमिरे, विशिष्ट अतिथि तथा प्राज्ञ सभा सदस्यद्वय महानन्द ढकाल र शशीराम कार्कीलाई ढाका टोपी र खादा लगाएर स्वागत सम्मान गर्दै सफल कार्यकालको कामना गरेकी थिइन् ।

कार्यक्रममा प्रमुख अतिथि प्रा.डा. घिमिरे, विशिष्ट अतिथि तथा प्राज्ञ सभा सदस्यद्वय महानन्द ढकाल र शशीराम कार्की, विश्व



नेपाली साहित्य महासंघ लुम्बिनी प्रदेश शाखाका सल्लाहकार तथा वरिष्ठ पत्रकार पूर्णलाल चुके, सर्वदा साहित्य संगमका अध्यक्ष तथा वरिष्ठ साहित्यकार खगेन्द्र गिरि कोपिलाले बाँकेको साहित्यिक गतिविधिका बारेमा चर्चा गरेका थिए ।

उनीहरुले नेपालगन्जमा उर्दू साहित्यकारहरुले धेरै वर्ष पहिलादेखि नै भारतबाट आएर उर्दू कार्यक्रममा गजल वाचन गर्दै आइरहेका तर नेपालगन्जमा थारु भाषा र अवधी भाषाको कम मात्रामा साहित्यिक कार्यक्रम हुँदै आइरहेको बताएका थिए । यसैगरी उक्त कार्यक्रममा विश्व नेपाली साहित्य महासंघ नेपालकी अध्यक्ष कल्पना पौडेल जिज्ञाशु, साहित्यकार तथा विनेसाम बाँके शाखाका सचिव महेन्द्र सेंडाई, साहित्यकार चन्द्रावती अधिकारी, ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पस खजुराकी क्याम्पस प्रमुख तथा विनेसाम लुम्बिनी प्रदेश शाखाकी उपाध्यक्ष चरित्रा शाह, विनेसाम बाँकेकी अध्यक्ष गीता अर्यालले थारु भाषाको गीत सुनाएका थिए । विनेसाम बाँकेकी सदस्य इन्दिरा गौतम र सभाध्यक्ष विनेसाम लुम्बिनी प्रदेशका अध्यक्ष तथा साहित्यकार लेक प्रसाद प्याकुरेलले आफ्नो विचार व्यक्त गर्दै समापन गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथिलाई साहित्यकारहरु पुष्पमणि प्रधान, गणेश बहादुर जिसी, खगेन्द्र गिरि कोपिला, दिला शाह, बालकृष्ण शर्मा लगायतले प्रकाशित गरेको आ-आफ्ना कृति प्रदान गरेका थिए ।

कार्यक्रममा हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान कोहलपुरकी उपाध्यक्ष सुमित्रा न्यौपाने, प्रलेश लुम्बिनी प्रदेशका अध्यक्ष पुष्पमणि प्रधान, खजुरा प्रज्ञा प्रतिष्ठानका उप-कुलपति डा.इन्द्र बहादुर भण्डारी, विश्व नेपाली साहित्य महासंघका सल्लाहकार तथा ज्ञनोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक ऋषिराम सापकोटा, भेरी साहित्य समाज केन्द्रीय सदस्य तथा विनेसाम लुम्बिनी प्रदेशकी कोषाध्यक्ष लता शर्मा, भेरी साहित्य समाज केन्द्रीय समिति कोषाध्यक्ष कविराज रेग्मी, नेपाल ट्रेनिङ्ग एण्ड रिसर्च प्रा.लि.का प्रवन्ध निर्देशक हरि प्रसाद सुवेदी, साहित्यकार तथा नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाह, महेन्द्र पुस्तकालय नेपालगन्जका सदस्य कृष्ण मुरारी प्रसाद भट्ट, सांग्रिला बुक्सका जीवन क्षेत्री, नरेन्द्रराज पोखरेल, स्पर्श गौतम, बालकृष्ण शर्मा लगायतको उपस्थिति रहेको थियो ।

# नेपाली हजयात्रीलाई गरियो बिदाइ

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २० जेठ

साउदी अरेबियामा हजका लागि जाने नेपाली हजयात्रीलाई बिदाइ गरिएको छ । नेपालका लागि साउदी अरेबियाका राजदूत साद बिन नासेर अबु हैमदले नेपाली हजयात्रीलाई बिदाइ गरेका हुन् ।

साउदी अरेबिया जान लागेका नेपाली हजयात्रीहरूको पहिलो समूहलाई हैमदले बिदाइ गरे । पहिलो समूहमा नेपालका २ सय ६८ जना रहेका छन् ।



राजदूत अबु हैमदले साउदी अरेबिया सरकारले तीर्थयात्रीहरूलाई स्वागत गरेको पनि बताए । यस वर्ष करिब १ हजार २ सय नेपाली हज गर्न साउदी अरेबिया जाने गृह मन्त्रालयले जनाएको छ ।

### कक्षा कोठाको अभावमा पठनपाठन नै प्रभावित

# तीन वटा कक्षाका विद्यार्थी एउटै कोठामा पढ्न बाध्य

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २० जेठ



हुम्लाको चंखेली गाउँपालिका पिप्लाङ वडा नं.४ मा रहेको श्री रामशाह प्राथमिक विद्यालयमा विगत तीन वर्षदेखि कक्षा कोठाको अभाव हुँदा पठनपाठन नै प्रभावित हुँदै आएको छ।

कक्षा कोठाको अभाव हुँदा तीन वटा कक्षाका विद्यार्थी एउटै कोठामा बसेर पठनपाठन गर्न बाध्य भएका छन्। सो विद्यालयमा कक्षा आठसम्म पढाइ हुने भएपनि कक्षा कोठा अभावमा दुई घण्टाको दुरीमा रहेको विद्यालयमा कक्षा सात र आठका विद्यार्थी समायोजन गरिएको थियो भने कक्षा एकदेखि पाँचसम्मका विद्यार्थीलाई दुई वटा कोठामा राखेर पठनपाठन सञ्चालन गरिएको विद्यालयका प्रधानाध्यापक मानबहादुर शाहीले मध्यान्हलाई बताए।

प्रधानाध्यापक शाहीले भने, ‘विद्यालयको भवनमा दुई वटा कोठा मात्र छन्, त्यसैमा एकदेखि तीनसम्मका विद्यार्थीलाई एउटा कक्षा कोठामा पढाउँछौं तथा चार र पाँचका विद्यार्थीलाई एउटा कक्षामा पढाउँदै आएका छौं।’

विगत लामो समयदेखि स्थानीय सरकारसमक्ष कक्षा कोठाको समस्या समाधानका लागि आग्रह गर्दै अए पनि पालिकाले कुनै चासो नदेखाएको उनले बताए। विद्यालयमा जम्मा छ जना शिक्षक छन्। त्यसमा पनि राहतका शिक्षक कहिले काहीँमात्र आउने गरेका छन्।

सबै विषय पढाइ हुने भए पनि एउटै कोठामा धेरै कक्षाका विद्यार्थीलाई सँगै राखेर पढाउँदा पढाएको नबुझिने कक्षा चारका सम्राट शाहीले मध्यान्हसँग गुनासो पोखे। विद्यार्थी शाहीका अनुसार पूर्णरुपमा पढाइ पनि कहिले हुने, कहिले नहुने गरेको छ।

विद्यालयमा एकदेखि पाँचसम्मका ८६ जना विद्यार्थी रहेका छन्। कक्षा कोठको व्यवस्थापन नहुँदा अर्को विद्यालयमा जान पनि नजिकमा कुनै विद्यालय नभएको कक्षा पाँचका रोहन सिंहले बताए। विद्यार्थी सिंहले यस्तो पढाइले सक्षम हुन नसकिने बताए।

स्थानीय सरकारले चासो नदेखाउँदा बालबालिकाहरु पढाइबाटै बञ्चित हुनु परेको छ। यस विषयमा तीनै तहका सरकार गम्भीर भएर लाग्नुपर्ने र बालबालिकालाई गुणस्तरीय शिक्षा दिनुपर्नेमा अभिभावकहरुको जोड छ।

## पूर्ववडाध्यक्ष झाको पहलमा सडक ढलान कार्य शुरु



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २० जेठ

रौतहटको कर्कचमा सडक ढलना कार्य शुरु भएको छ। जिल्लाको देवाही गोनाही नगरपालिका वडा नं ६ मा रहेको कर्कच टोलमा शुक्रबारदेखि ढलान कार्य शुरु भएको हो।

शहरी विकास मन्त्रालयबाट गत आर्थिक वर्ष २०७९/०८० का लागि आएको सडक निमार्णको बजेटबाट ढलान कार्य शुरु भएको हो। देवाही गोनाही नगरपालिकाका वडा नं ६ का पूर्ववडाध्यक्ष अनिलकुमार झाको पहलमा करिब ८ सय मिटरमा रहेको कर्कच, उचिडिह र गोनाही जाने बाटोको ढलान कार्य शुरु भएको हो।

उनका अनुसार ढलान कार्य असारको १५ गतेभित्र सकिने छ। लामो समयदेखि उक्त सडकलाई ढलान गर्ने आफ्नो चाहना अहिले पूरा भएको पूर्ववडाध्यक्ष झाले बताए।

पूर्ववडाध्यक्ष झा भन्छन्, ‘हाम्रो योजना भनेकै गाउँलाई शहर बनाउनु हो, सोहीअनुरुप आज पनि सडक ढलान कार्यलाई अगाडि बढाएका छौं। छिट्टै गाउँका सबै कुनाकुनामा ढलान भएको सडक देखिनेछ।’ यो सडकखण्डले गाउँ र बजारलाई जोड्ने काम गर्छ। जसका कारण प्रत्यक्षरुपमा किसानलाई फाइदा हुने उनले बताए।

सडक ढलान प्रक्रिया शुरु भएसँगै स्थानीयवासीहरु हर्षित भएको स्थानीय भाग्यनारायण झाले बताए। उक्त सडकले गाउँको विकासमा साकारात्मक भूमिका खेल्ने उनको विश्वास छ। सो अवसरमा समाजसेवी युवा नेता राजकुमार साह, प्रभास (गम्भिरा) साह, देवाही गोनाही नगरपालिका वडा नं ६ का वडा सदस्य जय राम साह, सोही वडाका सचिव अनुठा महतो, किशोरी हजरा र भुनेसर साहसहित स्थानीयहरुको उपस्थिति रहेको थियो।

## कर्मचारीविहीन चार गाउँपालिका

**मध्यान्ह संवाददाता**
हुम्ला, २० जेठ



हुम्लाका चार गाउँपालिका कर्मचारी विहीन भएका छन्। दक्षिण क्षेत्रमा पर्ने तीन गाउँपालिका र मध्ये क्षेत्रमा पर्ने एक गाउँपालिकामा करिब एक महिनादेखि कर्मचारी विहीन भएको हो।

चार वटै गाउँपालिकामा जनप्रतिनिधि र कर्मचारी नहुँदा असारको बजेटको चटारोमा हरेक बजेटको सम्झौतादेखि अन्य सेवा लिन समस्या भएको छ।

दक्षिण क्षेत्रका ताजाकोट, अदानचुली र चंखेली गाउँपालिका र मध्ये क्षेत्रको सर्केगाड गाउँपालिका कार्यालय सहयोगी र केहि शाखा प्रमुखको भरमा चल्दै आएको छ। चारवटै गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारी नहुँदा सेवाग्राही समस्यामा पर्दै आएका छन्।

गाउँपालिकामा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत नहुँदा सेवा लिन जाने सेवाग्राही त्यसै पर्किनु परेको छ। वर्षको ३ सय ६५ दिनमा शनिबार बाहेक जम्मा १०० दिन मात्र कर्मचारी र जनप्रतिनिधि कार्यालयमा बस्ने गरेको एक कर्मचारीले बताए।

यसले गर्दा हरेक विकास हुने क्षेत्रमा प्रभाव पारेको देखिन्छ।

सुर्खेत, नेपालगन्ज र काठमाडौंबाट कार्यालय नचल्ने भएपनि जवरजस्ती चलाएको देखिन्छ। एक गाउँपालिकामा करिब सयदेखि १ सय ५० कर्मचारी हुने भएपनि यस गाउँपालिकामा चारदेखि पाँच जना कर्मचारीको भरमा चल्दै आएको छ।

गाउँपालिकामा जाँदा सामान्य वडा भन्दा पनि कम कर्मचारी र जनप्रतिनिधि हुने भएपनि जिल्ला समन्वय समिति भने बेवास्ता गरेर बसेको देखिन्छ।

स्थानीयले सेवा सुविधा नपाएको भन्दै विरोध जनाउँदै आएका छन्, तर कर्मचारी समस्या भने समाधान हुन सकेको छैन। कार्यालयमा विभिन्न कर्मचारी र जनप्रतिनिधिहरुले कार्यवाहक दिएका पनि गाउँपालिकामा आएका छैनन्। प्रदेश सरकारले गाउँपालिकाको काम बाहेक जिल्ला छोड्न नदिने हो भने सुधार आउने सेवाग्राही बताउँछन्।

**प्रवास डायरी** तिलु शर्मा पौडेल/मध्यान्ह

## संखुवासभा समाज कतारमा नयाँ नेतृत्व



कतारमा स्थापित सामाजिक जिल्ला संस्था संखुवासभा समाज कतारको तेस्रो अधिवेशन सम्पन्न भएको छ। तेस्रो अधिवेशनको बन्द सत्रबाट अध्यक्षमा राजेन्द्र खनाल निर्विरोध निर्वाचित भएका छन्। निर्वाचित कार्यसमितिको प्रथम उपाध्यक्ष बिरेन मादेन लिम्बु, द्वितीय उपाध्यक्ष भवानी शंकर पौडेल, महासचिव पदमप्रसाद सिम्खडा, सचिव भीमबहादुर थापा, सचिव अशोक न्यौपाने, कोषाध्यक्ष शिवकुमार खत्री, सहकोषाध्यक्ष मानबहादुर तामाङ रहेका छन्। कार्यसमितिका सदस्यहरूमा उमेश सुवेदी, प्रवीण गौतम, डम्बर अधिकारी, कञ्चन भट्टराई, बुद्धिमान खुलाल, सन्तोष बि.क, दीपेन्द्र कार्की, किरण कट्टेल, पृर्थबहादुर थापा, दिलीप भुसाल, प्रकाश लिम्बू, कृष्णा राई, डाडोमा शेर्पा राई रहेका छन्। नवनिर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक तेज कटुवालले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए।

अधिवेशनको खुला सत्र समाजका कार्यवाहक अध्यक्ष निरन नेपालको सभापतित्व तथा कोशी प्रदेश समन्वय परिषद् कतारका अध्यक्ष चूडामणि कार्कीको प्रमुख आथित्यतामा भएको थियो। अधिवेशनमा कतारमा स्थापित विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुको आतिथ्यतासहित शुभकामना मन्तव्य रहेको थियो। वक्ताहरूले समाजले कतार तथा नेपालमा गरेका विभिन्न कार्य उदाहरणीय रहेको बताए।

आफ्नो मन्तव्यको क्रममा प्रमुख अतिथि कार्कीले समाजले गरेका उल्लेखनीय कार्य प्रगति प्रतिवेदनमा देखिएको भन्दै समाज स्थापना गर्नुभन्दा ठूलो यहाँ रहेका श्रमजीवी नेपालीहरूको पक्षमा काम गर्नु रहेको बताए।

सो अवसरमा रेश्मा प्याकुरेल, बिरेन मादेन, मनबहादुर थापा मगर, लुना खतिवडा र नारायण न्यौपानेलगायतका कलाकार हरूले सांगीतिक प्रस्तुति दिएका थिए। कलाकार तथा संस्थाका सल्लाहकारलगायतलाई सम्मान पत्रद्वारा दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

प्रथम उपाध्यक्ष मादेनको स्वागत मन्तव्य रहेको अधिवेशनलाई महासचिव सिम्खडाले सहजीकरण गरेका थिए। खुला सत्रको समापन गर्दै सभापति नेपालले समाजले गरेका विभिन्न कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिँदै सबैको साथ सहयोग लिएर संस्थाको गरिमा थप उचाइमा पुऱ्याउन नयाँ कार्यसमिति हरदम लाग्ने विश्वास व्यक्त गरेका थिए।

## कतार पुगेका कलाकारले गरे नेपाली रेस्टुरेन्टको समुद्घाटन



कतारमा आफ्नो सांगीतिक प्रस्तुति दिन पुगेका पप स्टार अनिल सिंह र चर्चित नृत्याङ्गना उषा उप्रेतीले एक नेपाली रेस्टुरेन्टको समुद्घाटन गरेका छन्। शुक्रबार दिउँसो दोहा शहरको मतार कदिममा अवस्थित ‘आगमन रेस्टुरेन्ट’को उनीहरुले संयुक्तरूपमा रिबन काटेर उद्घाटन गरेका हुन्। युवा व्यवसायी श्याम डिसीले सञ्चालनमा ल्याएको आगमन रेस्टुरेन्टको सयौं जनाको उपस्थितिबीच समुद्घाटन गरिएको हो।

सिंह र उप्रेतीले समुद्घाटन गर्दै सञ्चालक डिसीलाई व्यावसायिक सफलताको शुभकामना दिए। उनीहरुले अनुकूल मिल्नेहरूलाई होटलसम्म पुगेर एक पटक नेपाली स्वाद चाख्न अनुरोधसमेत गरे। उद्घाटनपश्चात्कलाकारद्वयलाई सम्मानसमेत गरिएको थियो।

नेपाली स्वादमा विभिन्न परिकारका खाना उपलब्ध रहेको होटलमा खाना खाने ग्राहकलाई पानी निःशुल्क प्रदान गरिने सञ्चालक डिसीले मध्यान्हसँगको कुराकानीमा बताए।

उनले कतारका नेपाली रेस्टुरेन्टमध्येमै सबैभन्दा सस्तो ८ रियालमा भर पेट खाना उपलब्ध रहेको जानकारी दिँदै करिब ८० भन्दा बढी फरक स्वादका खाना तथा परिकार उपलब्ध रहेको बताए। उनले ग्राहकको चाहना तथा सुझावलाई शिरोपर गर्दै सफा र स्वच्छ खाना खुवाउने प्रतिबद्धता व्यक्त गरे।

## किसानलाई धानको बिउ वितरण

**अखिलेश कुमार यादव/मध्यान्ह**
बारा, २० जेठ



बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नं.३ ले आफ्नो वडाभित्रका किसानलाई धानको बिउ वितरण शुरू गरेको छ।

अहिले देशको अर्थतन्त्रमै असर परिरहेका बेला कृषिमासमेत अवरोध आउँदा खाद्य संकट निम्तिन सक्नेतर्फ सचेत हुँदै वडाले बिउ वितरण शुरू गरेको हो।

धान खेतीको समय शुरू भएसँगै वडाभित्रका किसानहरूलाई उन्नत धानको बिउ वितरण गरेको जीतपुर सिमरा उपमहानगरपालिकाको वडा नं. ३ का वडाअध्यक्ष तारा बहादुर कार्कीले बताए।

उनले हरेक वर्ष ठूलो परिमाणमा धान आयात गरिरहनु परेको समयमा कृषि क्षेत्रलाई अझ चलायमान बनाउन आवश्यक रहेकोमा बताए। वडाले ८० प्रतिशत अनुदानमा ५ भन्दा बढी जातका धानको बिउ वितरण गरेको छ। जसमा सोना मन्सुली, सुखा ३, राधा १२, हर्दिनाथ १४४२ धानलगायत रहेका छन्। पहिलो चरणमा १७ सय ५० किलो धानको बिउ शनिबार एक कार्यक्रमकोबीच वडाअध्यक्ष कार्कीले आफ्नो वडा भित्रको किसानलाई उपलब्ध गरेका छन्। वडाअध्यक्ष कार्कीले वडा भित्रको किसानलाई धानको बिउ नपुगेमा थप बिउ ल्याएर वितरण गरिने बताए।

जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नं. ३ ले यो भन्दा पहिला किसानमुखी कार्यक्रम अन्तर्गत आफ्नो वडाभित्रका किसानहरुलाई चैते धानको बिउ, तरकारीको बिउ, घाँसको बिउ वितरण गरेको थियो।

यसरी देश आर्थिक मन्दीतर्फ गइरहेको बेला वडाको तर्फबाट ८० प्रतिशत अनुदानमा धानको बिउ पाएपछि कृषकहरूसमेत हर्षित भएका छन्। धेरैले परम्परागत तरिकाले धान खेती गरिरहेको अवस्थामा वडाले अनुदानमा उन्नत जातको धानको बिउ वितरण गरेपछि उत्पादन बढ्ने यहाँका किसानले अपेक्षा गरेका छन्। तर मलखाद पर्याप्त उपलब्ध नहुँदा केही किसान भने निरास बनेका छन्।


## Birendranagar Municipality
## Office of the Municipal Executive
**Birendranagar-Surkhet**
**Karnali Province-Nepal**

**Invitation of Electronic Bids**

**Date of First Publication: 2080/02/21 (2023-Jun-4)**

1. The Birendranagar Municipality Surkhet Invites Following Electronic Bids From The Eligible National Bidders Under National Competitive Bidding/Sealed Quotation.
2. The Detail of the Project is as Following:

| IFB No | Name of Project | Cost Estimate (without vat and ps) | Bid Security (Nrs) | Last date of submission |
|---|---|---|---|---|
| SQ/BM/WORKS /079-080/29 | Dip boring construction work in birendranagar municipality ward no 8 office | 14,56,512.10 | 43,000.00 | jun-18-2023 13 hr |
| SQ/BM/GOODS/ Gabion/079-080/01 | Supplying of gabion boxes | 8,52,000.00 | 25,000.00 | jun-18-2023 13 hr |

3. Eligible Bidder May Contact Office and Obtain Further Information From PPMO's Website: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**




GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२१ जेठ २०८०, आइतबार
4 June 2023, Sunday

## सम्पादकीय

# नेतृत्वले बुझ्नुपर्ने समाजको शक्ति

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड चार दिने भारत भ्रमण सकेर स्वदेश फर्किएका छन् । शनिबार स्वदेश फर्किएका प्रचण्डले बिहीबार समकक्षी नरेन्द्र मोदीसँग भेटवार्ता गरेका थिए । भेटवार्ताका क्रममा उर्जा र व्यापार सम्बन्धी केही अर्थपूर्ण सहमति/सम्झौता भयो । समकक्षी मोदीलाई भेटेको भोलिपल्ट, शुक्रबार भने मध्यप्रदेश पुगेर उज्जैनस्थित महाकालेश्वर मन्दिरको पुजा गरे । अरू मन्त्रीहरू प्रकाशशरण महत, एनपी साउद, शक्ति बस्नेत र रमेश रिजालसहित मन्दिर पुगेका प्रचण्डले गेरूवा वस्त्र लगाएरै पूजा गरेका थिए । त्यसको जवाफमा प्रचण्डले एक अर्व भारतीयको मनमा चिसो पस्ने भएकाले गेरूवा वस्त्र लगाएको बताए । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रचण्डले आफूले गेरूवा वस्त्र लगाउँदा सबै खुशी भएको बताएका थिए ।

भ्रमणका क्रममा देखिएका र भएका यस्तो कार्यको चर्को आलोचना भइरहेको छ । धर्म निरपेक्ष देशका प्रधानमन्त्रीले अर्को देशमा गएर पूजाआजा गर्नुले मात्रै प्रचण्डको आलोचना भएको भने होइन । बरू उनकै राजनीतिक पृष्ठभूमिका कारणले आलोचना भइरहेको हो । अझ माओवादीले आफूलाई धर्म निरपेक्षता, समावेशीता, संघीयता र गणतन्त्र ल्याउने शक्ति भन्ने गरेकाले पनि गेरूवा वस्त्र धारण गरेका प्रचण्डलाई देख्न असहज मानेको हुन सक्छ । तर त्यो भन्दा पनि महत्वपूर्ण र बुझ्नुपर्ने तथ्य भारतीय जनता पार्टी (भाजपा) ले भारतमा गरिरहेको धर्मको राजनीति र त्यसबाट नेपाललाई जोगाउन अपनाउनुपर्ने सचेतता हो । किनकि नेपाल अनेक भाषा, जाति, धर्म र संस्कृतिको सहिष्णुता कायम भएको देश हो । अझ एउटा कुनै धर्म विशेषको शासन सत्तालाई पक्षपोषण गर्ने भनेर राजतन्त्र अन्त्य गरेर अगाडि बढेको मुलुक भएकाले पनि यहाँ धार्मिक कट्टरता उचित हुन्न ।

तर उता भारतको इतिहास भिन्न छ । धर्म र भाषाकै आधारमा देश विभाजन भएको पृष्ठभूमि भएर अगाडि बढेको भारतमा भाजपाले लगातार हिन्दू धर्मको राजनीति गरिरहेको छ । उसले नेपालमा त्यस्तै व्यवस्थाको चाहना गर्नु अनौठो होइन । त्यसबाट हाम्रो नेतृत्व जोगिन आवश्यक छ । अझ देशको नेतृत्व गरिरहेका व्यक्ति सचेत हुन आवश्यक छ । मुलुकको संविधानले पनि कानूनी शासनको व्यवस्था गरेकाले धर्मबारे अनावश्यक टिप्पणी वा गतिविधि आवश्यक विषय होइन । चुनावी नतिजालाई आधार मान्दा पनि नेपालमा धर्मको राजनीतिलाई सधैं अस्वीकार गर्दै आएको देखिन्छ । अतः कुनै देशसँगको कुटनैतिक सम्बन्धका क्रममा हुन सक्ने धार्मिक कट्टरता र प्रचारको प्रभावबारे सचेत हुन आवश्यक छ ।

# नेपालमा विकास प्रशासन

अग्रलेख



● गम्भीरबहादुर हाडा

विकास प्रशासनको अवधारणा १९६० को दशकको सुरुतिर उत्पन्न भएको र सो दशकको आधाआधीको समयदेखि नै अत्यन्त लोकप्रिय हुन गएको पाइन्छ । एडवर्ड डब्लु बेइडनरलाई यस अवधारणाका जनक मानिन्छ । फेड, डब्लु रिग्स जोसेफला पालम्बर र अल्बर्ट वाटरसन जस्ता विद्धानहरुले पनि यस अवधारणालाई लोकप्रिय बनाउन ठूलो योगदान दिएका छन् । दोस्रो विश्वयुद्ध सन् १९३९-४५ पछि एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका धेरै देशहरु स्वतन्त्र भए र नवस्वतन्त्र तथा युद्धबाट क्षतिग्रस्त राष्ट्रहरुको अघिल्तिर विकास र पुनर्निर्माण एउटा ठूलो चुनौतिको रूपमा उपस्थित भयो । प्राविधिक सहयोग, सञ्चार र शान्तिको आवश्यकताले बढाइदिएको राष्ट्रहरुको पारस्परिक अन्तरनिर्भरताको कारणले अध्ययन र अनुसन्धानका विभिन्न क्षेत्रहरूप्रतिको, मानिसहरु, संघसंस्थाहरु र सरकारको रुची र संग्लग्नतामा पनि बृद्धि हुन थाल्यो ।

कुनै पनि विकासशील मुलुकमा दुई प्रकारको प्रशासन हुन्छ । एउटा परम्परागत प्रशासन र अर्को विकास प्रशासन । विकास कार्यक्रमको लागि सञ्चालन गरिएको प्रशासन नै विकास प्रशासन हो । वास्तवमा देशको समग्र प्रशासन नै विकास वा सकारात्मक परिवर्तनका लागि नै स्थापित रहेको हुन्छ । तथापि दोस्रो विश्वयुद्धपछि पश्चिमी विश्वका बिद्धानहरुले त्यस बखत उपनिवेशबाट मुक्त भएका मुलुकहरुमा द्रुत विकास गर्न विकास प्रशासनको सिद्धान्त प्रतिपादन गरेका हुन् । त्यसैले यसलाई पहिलो विश्वमा प्रतिपादन गरेर तेस्रो विश्वमा प्रयोगमा ल्याइएको प्रशासनको रूपमा लिन सकिन्छ । सारांशमा विकास प्रशासन, योजनाबद्ध विकास प्रक्रियासँग सम्बन्धित बटम अफ प्लानिङ्गलाई अंगाल्ने, विकास योजना, नीति, कार्यक्रमको तर्जुमा कार्यान्वयन, अनुगमन मूल्यांकन गर्ने र यी सबैका लागि उपयुक्त हुने किसिमको प्रशासनिक परिपाटीको व्यवस्था गरी तिनको क्षमतामा अभिबृद्धि गर्ने प्रशासन नै विकास प्रशासन हो । विकास प्रशासनको मुख्य लक्ष्य नै विकासको व्यवस्थापन हो । यो जनसंलग्नता, जवाफदेही र उत्तरदायी हुन्छ । विकास प्रशासनलाई विकेन्द्रिकरणको आधार पनि भनिएको, यसको सफल कार्यान्वयनका लागि राजनीति कर प्रशासनिक प्रतिबद्धता आवश्यक पर्छ ।

नेपालमा विकास प्रशासनले ल्याएका राम्रा कुराहरुमा वि.सं. २०१३ सालमा योजनाबद्ध विकासको सुरुवात भएपछि विकास प्रशासनको प्रयोग भएको । २०१३ मा नै प्रशासन यन्त्रलाई सक्षम बनाउन निजामती सेवा ऐन लागु, छैटौं योजनामा विकास प्रशासन नीति समावेश भएको, आठौं योजनामा राष्टिय नीतिमा समावेश भएको, नवौं योजनामा व्यवस्थापन शब्दको प्रयोग गरी स्वच्छ, छरितो, कार्यमूलक, सेवामूलक, सक्षम, उत्पादनशील, मितव्ययी र उत्तरदायीपूर्ण बनाउने धारणा आएको । दसौं योजना तथा हालसम्मका तीनवर्षे योजनामा सुशासनलाई प्राथमिकता दिइएको छ । प्रशासन सुधारका विभिन्न प्रयासहरु समय समयमा भइरहेको । परम्परागत विचारधारा आबद्ध प्रशासकलाइ कसरी आधुनिक विचारधाराको प्रशासकको रूपमा परिवर्तन गर्ने भन्ने अभ्यासहरु भएको । देश विकास र सामाजिक आर्थिक उन्नतिको लक्ष्य हासिल गर्न सक्षम हुने विकासको प्राशसन यन्त्र कसरी तयार गर्ने र त्यसलाई कसरी छरितो पार्ने भन्ने प्रयास भएको ।

विकास प्रशासनका प्रथामिकताहरुमा प्रशासनको वातावरणको प्रभाव पार्ने र वातावरणमा प्रशासनको प्रभाव पर्ने कुरालाई आज विश्वभरी कसैलेपनि अस्वीकार गर्न सक्दैन । एक प्रकारको वातावरण भएको समाज वा राष्ट्रमा प्रशासन एकै प्रकारको हुनसक्ने देखिँदैन । पवरिवेशको पृथकताले प्रशासनको प्रकृतिमा पनि पृथकता जन्माएको हुन्छ । त्यसैले सबै प्रकारको परिवेश भएको ठाउँमा प्रशासनको ठाउँमा प्रशासनका चुनौतिहरु, कार्यविधिहरु, र प्राथमिकताहरु एकै प्रकारका हुन्छन् भन्ने निष्कर्ष निकालियो भने त्यो त्रुटिपूर्ण हुन्छ । गरिबी सबैभन्दा ठूलो समस्याको रूपमा उपस्थित रहेको मुलुकमा गरिबी निवारणलाई विकास प्रशासनले प्राथमिकता दिनुपर्ने हुन्छ । भने जातीय, क्षेत्रीय र धार्मिक विविधता र विभाजन भएको मुलुकमा विकास प्रशासनले समन्वय र सहअस्थित्वको विकासको कुरालाई प्रथामिकता दिनुपर्ने पनि हुन्छ । त्यसैले विकास प्रशासनमा परिवेशजन्य छाप पर्ने भएतापनि यसको चरित्रमा पाइने आधारभूत समानताहरुको आधारमा यसका केही साझा प्रथामिकताहरुको पहिचान गर्ने प्रयत्न पनि हुनसक्ने देखिन्छ ।



*निजामती सेवालाई सानो, चुस्त र छरितो बनाउन मौजुदा कर्मचारी संख्याको अध्ययन र विश्लेषण गर्दै उपयुक्त आकारमा लैजान अनुत्पादक पदहरू खारेज गर्ने नीति कार्यान्वयन गर्नुपर्छ । निजामती प्रशासनलाई चुस्त, दुरूस्त, मितव्ययी, जनसेवी, परिणाममुखी, उत्तरदायी, पारदर्शी, सबल र सक्षम तुल्याउन अधिकार र जिम्मेवारीको स्पष्ट व्यवस्था गर्दै वृत्ति विकासका अवसरहरूको तर्जुमा तथा कार्यान्वयन गर्नु आवश्यक छ ।*

विकास प्रशासनको राजनीतिक आयामको चर्चा गर्दा विकास प्रशासन र यसको राजनैतिक पर्यावरणबीचमा हुने अन्तर सम्बन्ध र अन्तरक्रियाको चर्चा हुन्छ । विकास प्रशासनको पर्यावरण राजनैतिक आयामका दुईवटा उपआयामहरुको रूपमा लिएका तीनको प्रशासनिक प्रणाली र राजनैतिक प्रणालीमा पर्ने विश्लेषण गर्ने कार्यमा ध्यान केन्द्रित गरेको पाइन्छ । कर्मचारी स्वयम् पनि कर्मचारीतन्त्ररूपी उपकरणमा एकपटक बाँधिएपछि त्यसबाट फुत्केर भाग्न असमर्थ हुन्छ ।समाजले पनि एक पटक खडा भएको कर्मचारीतन्त्रको उपकरणको प्रतिस्थापन गरेर त्यसको ठाउँमा अख्तियारको अर्को उपकरण खडा गर्न सक्दैन भन्ने दृष्टिकोण रहेको कुरा फैलज एसएअल समीमले उल्लेख गरेका छन् । योजना कार्यान्वयनमा पर्याप्त अनुशासन र प्रतिबद्धताको कमी, अर्थ मन्त्रालय र सहयोगी निकायहरुबीच समुचित समन्वय र सुशासनको अभाव, योजना प्रक्रिया मितव्ययी, दिगो र उत्पादक बन्ने नभई वैदेशिक सहायतामाथि निर्भरता बढ्दै गएको छ ।

विकास प्रशासनको कार्यन्वयनमा देखिएका कमजोरीहरुमा प्रायः सबैजसो विकासोन्मुख देशहरुमा राजनैतिक अस्थिरता छ । स्वार्थी राजनैतिक नेतृत्वको बोलबाला छ । राजनैतिक नेतृत्वमा देश बनाउने दुरगामी दृष्टिकोणको सट्टा जसरी भएपनि सत्ता प्राप्त गर्ने र सत्ता प्राप्त भएपछि आजिवन सत्तामा रहनुपर्दछ भन्ने प्रवृतिले जरा गाढेको छ । विकाशोन्मुख देशका राजनैतिक संस्थाहरु भ्रष्टचारका पर्याय भएका छन् । जनतालाई राजनैतिक खिचातानीको गोटी बनाउने गरिन्छ । स्थायी सरकारको रूपमा कार्यरत कर्मचारी तन्त्रमाथि वा प्रशासन तन्त्रमाथि राजनीति गर्ने गरिन्छ । विकास प्रशासनको एउटा प्रमुख विशेषता प्रशासनिक प्रतिबद्धता हो तर, विकाशोन्मुख देशको प्रशासनमा तीव्र राजनीतिकरण, उच्च प्रशासकमा गैरप्रशासनिक व्यवहारको बाहुल्यता, प्रशासनिक भष्टचार यथास्थितीवाद जस्ता विकृतिहरु विद्यमान रहनुले विकास प्रशासनको सञ्चालनमा गम्भीर चुनौति सिर्जना भएको छ । नेपालको विकास प्रशासन पनि यस बिकृतिवाट मुक्त रहन सकेको छैन् । उच्च प्रशासकहरु संगठनको उद्देश्यभन्दा व्यक्तिगत स्वार्थद्वारा अभिप्रेरित भई कार्य गर्नमा उद्धत रहेको पाइएको छ । विकास प्रशासन कुनैपनि देशको सर्वागिण विकाससँग सम्बन्धित अवधारणा हो ।

निजामती सेवालाई सानो, चुस्त र छरितो बनाउन मौजुदा कर्मचारी संख्याको अध्ययन र विश्लेषण गर्दै उपयुक्त आकारमा लैजान अनुत्पादक पदहरु खारेज गर्ने नीति कार्यान्वयन गर्नुपर्छ । निजामती प्रशासनलाई चुस्त, दुरुस्त, मितव्ययी, जनसेवी, परिणाममुखी, उत्तरदायी, पारदर्शी, सबल र सक्षम तुल्याउन अधिकार र जिम्मेवारीको स्पष्ट व्यवस्था गर्दै वृत्ति विकासका अवसरहरुको तर्जुमा तथा कार्यान्वयन गर्नु आवश्यक छ । जनतालाई पुऱ्याउने सेवा, सुविधासम्बन्धी हाल विद्यमान कमी, कमजोरीहरुलाई हटाई सेवालाई बढी गुणात्मक, मितव्ययी, परिणाममुखी, पारदर्शी, सान्दर्भिक बनाउने दृष्टिबाट जनतामा सेवा पुर्‍याउने वर्तमान विधि र प्रशासकीय व्यवस्थामा आधारभूत परिवर्तन र सुधारहरु गर्नु जरुरी छ ।

आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७८/७९ मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज र छरितो बनाउन आवश्यक कानून निर्माण, संस्थागत संरचनाको व्यवस्था, कार्य संस्कृतिमा सुधार र सूचना प्रविधिको उच्चतम उपयोग हुँदै आएको छ । आधुनिक प्रविधिको प्रयोगबाट शान्ति सुरक्षा र अपराधजन्य क्रियाकलाप नियन्त्रणमा सघाउ पुगी सुरक्षामा क्रमिक सुधार भएको छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलाप नियन्त्रणका लागि लिएका रणनीति तथा कार्ययोजना तथा कार्यान्वयनले तीव्रता पाएको छ । सार्वजनिक कोषको परिचालन एवम् उपयोगमा पारदर्शीता, मितव्ययिता एवम् प्रभावकारिताका लागि सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ कार्यान्वयनमा ल्याइएको छ । कोरोना संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका २०७८ जारी भई कार्यान्वयनमा आएको छ ।

वर्तमान पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६–२०८१) मा विकास प्रशाशन सुधार कार्यक्रमअन्तर्गत परदर्शीता, जवाफदेही, जनउत्तरदायी, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित विधिको साशन सोच राखिएको छ भने समग्र साशन व्यवस्थामाथि नागरिकको विश्वास अभिवृद्धि गर्दै विधिको साशन सुद्बढ बनाउने लक्ष्य राखिएको छ । त्यस्तै, सार्वजनिक निकायका काम कारबाहीहरूलाई जवाफदेही, उत्तरदायी, सदाचार र प्रविधिमैत्री बनाई जनसहभागिता र जनविश्वासको अभिवृद्धि गर्ने उद्देश्य राखिएको पाइन्छ । यस योजनामा सरकारका काम कारबाहीलाई पारदर्शी तथा प्रभावकारी बनाउन, सांगठनिक, कानुनी, प्रणाली तथा व्यवहारगत सुधार गर्ने । विकास आयोजनाको कार्यन्वयनमा आवश्यक पर्ने समस्यालाई सम्बोधन गर्न प्रविधिमा आधारित तत्काल समस्या समाधान गर्ने प्रणालीको विकास गर्ने । राजनीतिक तथा प्रशासनिक क्षेत्रका जिम्मेवार पदाधिकारीको कार्यसम्पादनको स्तरलाई मापनयोग्य बनाई लागू गर्ने, सार्वजनिक निकायका काम कारबाहीप्रति सकारात्मक छवि निर्माण गर्ने आदि जस्ता रणनीतिहरु पनि राखिएको पाइन्छ ।

नेपालको संविधान २०७२ मा राज्यका नीतिअन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा उल्लेख छ । सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयास भइरहेका छन् । चालु योजनामा हेलो सरकार तथा गुनासो व्यवस्थापन, भ्रष्टाचार विरूद्धको कार्ययोजना, राष्ट्रिय गौरवका आयोजनामा नतिजामा आधारित व्यवस्थापन प्रणाली, राष्ट्रसेवक कर्मचारीहरूको आचारसंहिताजस्ता कार्यहरू थप प्रभावकारिताका साथ सुचारु गरिएको छ ।

*(हाडा, भक्तपुर बहुमुखी क्याम्पसका सह-प्राध्यापक हुन् ।)*

## सामाजिक सञ्जाल



**- निर्मल प्रसाई**

कर फछ्यौट आयोगका पदाधिकारी भ्रष्टचारमा मुछिन्छन्, अख्तियार प्रमुखमाथि नक्कली भुटानी शरणार्थी गिरोहमा सम्मिलित रहेको आरोप छ, पूर्वमन्त्रीहरु नक्कली भुटानी शरणार्थी प्रकरणमै जेलमा छन्, वाइडबडी र ललितानिवास केसमा पूर्वप्रधानमन्त्रीहरुको नाम छ । भ्रष्टाचारले गाँजेको देश ।



**- डम्मर खतिवडा**

खै त, राजावादी-दक्षिणपन्थीहरुको हल्ला जनगणनाले पुष्टि गरेन छ त ? गणतन्त्रमा व्यापक धर्मान्तरण र इसाईकरण भयो भन्थे-१.७६% ईसाई र बृद्रिदर ०.३६% रहेछ । भूपी शेरचनले त्यसै यसलाई हल्लैहल्लाको देश भनेका हुन् र ? पूर्वाग्रहप्रेरित सत्यतथ्य अस्वीकार गर्ने प्रवृत्तिले पनि हामी पछि परेका हौं ।



**- जुगल भूर्तेल**

अण्टसण्ट सिद्धान्तको नाममा दशथरी पाखण्ड गरेर देशमा अस्थिरता, अशान्ति र हाहाकार सिर्जना गरिरहनु भन्दा शनिदेवको पुजा गरेर शान्ति र स्थायित्वको कामना गर्नु कता हो कता राम्रो । मन पऱ्यो ! जय शनिदेव, सबैलाई यसैगरी सद्बुद्धि दिइराख ।



**- रूद्र पाण्डे**

अखण्ड भारतको नक्सा राजनैतिक नक्सा होइन । यो नक्साले इतिहासमा सनातनवादी कहाँसम्म फैलिएका थिए भन्ने देखाउँछ । यो कुरामा नेपालीहरू किन बहुलाएका हुन् ? यसमा पाकिस्तान, श्रीलंका, अफगानिस्तान आदि सबै सम्मिलित छन् । खै, अरु त चिच्याएका छैनन् त ? अनि जति कराए पनि नक्सा हट्ने छैन ।



**- आस्था केसी**

भारतको मध्यप्रदेशका मुख्यमन्त्रीले नेपालीप्रति सम्मान जनाउन ढाका टोपी लगाए । उनको खुब प्रशंसा भयो । हाम्रा प्रधानमन्त्रीले यसैगरी भारतीय टोपी लगाएको भए नेपालमा भुइँचालो जान्थ्यो । र भन्थे, प्रधानमन्त्रीले देश बेच्यो ! नेगेटिभ हुनुको पनि हद हुन्छ नि हजुर !

# 'भारत भ्रमणले विश्वासको वातावरण बढाएको छ'

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतको चारदिने औपचारिक भ्रमण सम्पन्न गरी शनिबार स्वेदश फर्किएका छन् । प्रधानमन्त्री प्रचण्ड र भारतीय समकक्षी नरेन्द्र मोदीबीच 'वान टु वान' र प्रतिनिधिमण्डलस्तरमा वार्ता भएर नेपाल र भारतबीच विभिन्न द्विपक्षीय सम्झौता एवम् समझदारी भएका छन् । यो उच्चस्तरीय भ्रमणले नेपाल-भारत सम्बन्धलाई थप उचाइमा पुऱ्याउने नेपाल सरकारको विश्वास छ । प्रधानमन्त्रीको भारत भ्रमणमा केन्द्रित रहेर राससका **रमेश लम्साल**ले **पराष्ट्रमन्त्री एनपी साउद**सँग गरेको संवादको सम्पादित अंश :



**एनपी साउद, पराष्ट्रमन्त्री**

**प्रधानमन्त्रीको भारत भ्रमणलाई यहाँले कसरी लिनुभएको छ ?**

सम्मानीय प्रधानमन्त्रीज्यूको भारत भ्रमण सम्पन्न भएको छ । दुई देशका बीचको पुरानो, घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धलाई यो भ्रमणले अगाडि बढाएको छ । यो भ्रमणका क्रममा विभिन्न समझदारी र सम्झौता भएका छन् । यसले नेपाल-भारत पारस्पारिक विकासका लागि राम्रो दृष्टान्त दिएको छ । ऊर्जाको विकास र व्यापारका सम्बन्धमा पनि भारतसँग ऐतिहासिक सहमति भएको छ । यो सहमतिले नेपालभित्र भारतीय र अन्य लगानी आउने विश्वास बढाएको छ । नेपालमा उत्पादन भएको विद्युत् बङ्गलादेशमा पनि पठाउन सक्नेछौँ । त्यसले नेपालको बृहत् आर्थिक विकासमा योगदान पुऱ्याउनुका साथै भारतसँगको व्यापार घाटालाई पनि न्यूनीकरण गर्नेछ । सबै विषय सकारात्मक छन् । पारवहन सम्झौता नवीकरण भएको छ । पारवहनबाहेक अन्य 'इन्ट्री प्वाइन्ट'हरूको कुरा, चेक प्वाइन्टको कुरा छ । यसलाई हामीले सकारात्मकरुपमा लिएका छौँ ।

**विद्युत् व्यापारसम्बन्धी सम्झौताले वैदेशिक लगानीकर्तालाई अब नेपालमा लगानीका लागि अवसर छ भन्ने सन्देश प्रवाह गरेको हो ?**

विद्युतमा अबौं लगानी गर्नुपर्ने हुन्छ । कुनै पनि लगानीकर्ताले उसको बजार सुनिश्चित नहुँदासम्म लगानी गर्न सक्दैन । सिद्धान्ततः भारतले नेपालको विद्युत् किन्न स्वीकार गरेको छ । आउँदो १० वर्षभित्र १० हजार मेगावाट बिजुली किन्ने लक्ष्य राखेको छ । उहाँहरूले २५ वर्षसम्म किन्ने प्रत्याभूति दिनुभएको छ । आवश्यकताअनुसार आउने १० वर्षमा बढ्दै जाने सहमति भएको छ । दोस्रो भारतीय ग्रीडलाई प्रयोग गरेर हाम्रो विद्युत् बङ्गलादेशसम्म पुऱ्याउन भारत सहमत भएको छ । त्यसमा हामीले बङ्गलादेशसँग पनि कुरा गरेका छौँ । बङ्गलादेश पनि नेपालका लागि भारतजस्तै महत्वपूर्ण विद्युत् बजार हो । त्यो फाइदा पनि नेपालले लिनसक्ने अवस्था देखिएको छ ।

**नेपाल र भारतबीचको सीमा समस्याका सम्बन्धमा पनि छलफल गरौँ भन्ने विषयमा दुवै देशका प्रधानमन्त्रीबीच कुरा भएको बाहिर आएको छ । त्यसमा के प्रगति भएको हो ?**

सीमाको सम्बन्धमा दुवै देशबीचमा लामो समयदेखि सीमासम्बन्धी संयन्त्रले काम गर्दै आएको छ । त्यसमा नक्साको काम पनि भइरहेको छ । सहमति हुन नसकेको स्थानमा कूटनीतिक एवम् राजनीतिक तहमा आवश्यक निर्णयमा पुग्नुपर्ने देखिन्छ । यतिञ्जेलसम्म सीमा समस्याका बारेमा नेपालले नै अली बढी आवाज उठाइरहेको देखिन्थ्यो र त्यो स्वाभाविक पनि थियो । अहिले स्वयम् भारतका प्रधानमन्त्रीले पनि नेपालसँगको सीमा र अन्य समस्याका विषयमा भारत समाधान गर्ने दिशामा अगाडि बढ्नेछ भन्नुभएकाले यसले नेपालसँगको सम्बन्धलाई भारतले नयाँ सिराबाट हेर्न खोजेको देखिन्छ । हाम्राबीचमा भएका विवादलाई टुङ्ग्याएर दुई देशको मैत्रीपूर्ण सम्बन्धलाई अरु अगाडि बढाउन खोजेको स्पष्ट देखिन्छ ।

**भ्रमणअघि नेपालमा प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी)को प्रतिवेदनको विषयलाई लिएर अनेक खालका टिप्पणी भइरहेको थियो, द्विपक्षीय भेटवार्तामा त्यस विषयले प्राथमिकता पायो कि पाएन ?**

इपिजी प्रतिवेदन दुवै देशका सरकारबाट गठित प्रबुद्ध व्यक्तिहरूको समितिले तयार गरेको हो । त्यो प्रतिवेदनप्रति हाम्रो नैतिक जवाफदेही हुन सक्दछ । तर त्यसको कार्यान्वयनको कुरा दुवै देश सहमत नहुँदासम्म सम्भव छैन । त्यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल सकारात्मक छ । हामीले त्यो प्रतिवेदन पढिसकेका छैनौं । तर त्यसमा जिम्मेवार बौद्धिक व्यक्तित्वहरू हुनुहुन्छ, त्यसका कारण उहाँहरूले सहमति दिएका कुरामा हामीलाई विश्वास छ । सँगसँगै भारतले त्यसलाई बुझिसकेको अवस्था छैन । भारतले किन बुझेन, कसरी बुझेन भन्ने कुराकाबारेमा पटकपटक नेपालको राजकीय तहमा कुरा भएको छ । उनीहरूले त्यसका बारेमा जवाफ दिनुपर्थ्यो । विगतका सरकार जो बहुमत, दुई तिहाइका सरकार थिए उनीहरूले भारतसँग त्यो बेलामा भएको कुराकानीका बारेमा 'मेमोरी' हस्तान्तरण भएको छैन । तर यसपटक हामीले इपिजी प्रतिवेदनका सम्बन्धमा भारतको दृष्टिकोण आफैं आओस् भन्ने सोच लिएर विवादका लागि विवाद मात्रै गर्ने गरेर मुद्दा उठाएनौ ।

**सीमा समस्यालाई नयाँ ढंबाट अगाडि बढाऔं भन्ने भारतीय प्रतिबद्धता आएको छ, यसलाई कसरी लिने ?**

इपिजी प्रतिवेदन कुनै विवाद होइन, त्यो नैतिक जिम्मेवारीको दस्तावेज हो । दुई वटा देशको सरकारले चाहेर समूह गठन भयो, उनीहरूले प्रतिवेदन दिए, त्यसलाई हामीले पढ्नुपर्छ, पढिसकेपछि जस्ताको तस्तै लागू हुन्छ कि, पुनरावलोकन गर्नुपर्छ त्यसका बारेमा छलफल हुनसक्दछ । तर हाम्रातर्फबाट सकारात्मक छौं, भारतले त्यसलाई बुझेको छैन, अब इपिजी प्रतिवेदन र सीमाका विषय फरक हुन् । सीमाका विषय संवेदनशील हुन्, नेपालको पनि त्यसमा सरोकार छ । यससम्बन्धमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले स्वयम् सकारात्मक जवाफ दिनुभएको छ । यो समस्या धेरै लामो समयसम्म थाँती राख्नुभन्दा पनि समस्या समाधान गर्ने बाटोमा हामी जानुपर्दछ ।

**कञ्चनपुरको चाँदनी–दोधारामा एकीकृत जाँचचौकी निर्माण गर्ने, महाकालीमा पक्की पुल निर्माण गर्ने विषयमा पनि सहमति भएको छ । तपाईं त्यहींको जनप्रतिनिधि हुनुहुन्छ, यसलाई कसरी लिनुहुन्छ ?**


दोधरामा सुख्खा बन्दगाहा र एकीकृत जाँचचौकी निर्माण गर्ने कुरामा सहमति भएको छ । डडेल्धुराको पर्शुराम क्षेत्र र दार्चुलाको झुलाघाटमा पक्की पुल बनाउने कुरा भएको छ । केही ठाउँमा तुइन विस्थापित गरेर महाकालीमा झोलुङ्गे पुल बनाउने कुरा गरेका छौं । त्यसका लागि खर्चको हकमा हामी आफैं दिन तयार छौं भनेर स्पष्ट पारेका छौं ।

**समग्रमा यसपटकको भारत भ्रमण कस्तो रह्यो ?**

धेरै हिसाबले यो भ्रमण ऐतिहासक नै छ । पारवहन सन्धिको नवीकरण गरिएको छ । ऊर्जासम्बन्धी सहमतिमा पुगेका छौं । केही हप्ताभित्रै भारतको 'क्याबिनेट' बसेर त्यसलाई अनुमोदन गर्ने विश्वास दिलाउनुभएको छ । विभिन्न सात वटा समझदारीमा हस्ताक्षर भएको छ । प्रधानमन्त्री तहमा विश्वासको वातावरण बढाएको छ ।

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | मनोरञ्जनात्मक यात्रा हुनेछ । दैनिक आम्दानी राम्रो हुनेछ । |
| वृष | : | सामाजिक कार्यमा वृद्धि हुनेछ । नयाँ कार्य बन्ने योग छ । |
| मिथुन | : | बाहिरी सहयोगमा कमी रहनेछ । विरोधी कमजोर हुनेछन् । |
| कर्कट | : | नौलो कार्यहरुमा विशेष सावधानी राख्नुपर्छ । शत्रु कमजोर हुनेछन् । |
| सिंह | : | दिदी बहिनीहरुको सहयोग पाइनेछ । पराक्रममा वृद्धिको योग छ । |
| कन्या | : | दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| तुला | : | पुराना रुकावटहरु समाप्त हुनेछन् । स्वास्थ्य राम्रो रहनेछ । |
| वृश्चिक | : | कृषिजन्य कार्यमा लाभ मिल्नेछ । पारिवारिक जीवन सुखी रहनेछ । |
| धनु | : | मित्रहरुसँग भेटघाट हुनेछ । मनोबल उच्च रहनेछ । |
| मकर | : | सामाजिक कार्यमा वृद्धि हुनेछ । नाता-गोतासँग भेटघाट हुनेछ । |
| कुम्भ | : | विरोधी सक्रिय रहनेछन् तर, असफल हुनेछन् । यात्रा सफल हुनेछ । |
| मीन | : | प्रभाव र सम्मानमा वृद्धि हुनेछ । वाणी संयम् राख्नुहोला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# ओडिशामा रेल दुर्घटना, दुई सय ६१ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** भारतको ओडिशा राज्यको बालासोरमा द्रुत गतिमा हुँइकिएका तीन वटा रेल एकआपसमा ठोक्किएर दुर्घटना हुँदा कम्तीमा दुई सय ६१ जनाको मृत्यु भएको छ । शुक्रबार बिहान भएको उक्त दुर्घटनामा अन्य ९ सय जनाभन्दा बढी घाइते भएका छन् ।

दक्षिणपूर्वी रेलवेका अनुसार घाइते यात्रुहरूलाई राज्यको गोपालपुर, खन्तपारा, बालासोर, भद्रक र सोरोका अस्पताल भर्ना गरिएको छ । दुर्घटनास्थलमा उद्धार कार्य पूरा भएको र पुनःस्थापनाका काम जारी छन् ।



शुक्रबार बिहान सात बजे बालासोर जिल्लाको बहानागा बजार स्टेशनमा बेङ्गलुरु-हावडा सुपरफास्ट एक्सप्रेस, कोरोमण्डल एक्सप्रेस र मालवाहक रेल ठोक्किएका थिए । दुर्घटनामा यात्रुवाहक दुई वटा रेलका १७ वटा डिब्बा पटरीबाट धेरै पर पुगेका थिए । गम्भीररूपमा क्षतिग्रस्त भएका डिब्बामा फसेका सबैलाई उद्धार गरिएको छ ।

केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णव आफैं पुनःस्थापनाको निरीक्षणमा छन् । रेलवे बोर्डका अध्यक्ष, स्वास्थ्य सेवा विभागका महानिर्देशक घाइते यात्रुहरूको उपचारको निगरानी गरिरहेका छन् भने अन्य सबै वरिष्ठ सरकारी अधिकारीहरू अस्पतालहरूमा घाइते यात्रुहको हेरचाह एवम् समन्वय गरिरहेका छन् ।

दुर्घटनास्थलमा औषधिसहित प्यारामेडिकल स्टाफलगायत सयभन्दा बढी चिकित्सक टोलीलाई परिचालन गरिएको थियो । घाइतेहरूलाई सोरो, बालासोर, भद्रक र कटकका अस्पतालहरूमा लैजान दुई सयभन्दा बढी एम्बुलेन्स परिचालन गरिएको थियो ।

ओडिशा सरकारले दुर्घटनाका कारण अलपत्र परेका ओडिशा र पश्चिम बंगालका यात्रुहरूलाई उनीहरूको गन्तव्यसम्म निःशुल्क यातायात सुविधा उपलब्ध गराउने घोषणा गरेको छ । त्यसका निम्ति दुघएटनास्थल नजिक ३० वटा बस तयारी अवस्थामा राखिएको छ । घाइतेहरुलाई प्रदेशका सरकारी तथा निजी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गरिएको छ ।

यो भारतमा भएको विगत चार दशकयताकै सबैभन्दा ठूलो रेल दुर्घटना हो । यसअघि भारतको सबैभन्दा ठूलो रेल दुर्घटना सन् १९८१ मा भएको थियो । त्यस बेला बिहार राज्यमा एउटा चक्रवातको समयमा यात्रुहरूको भिड भएको रेल नदीमा खसेको थियो । त्यस बेला कम्तीमा ८ सय जनाको ज्यान गएको थियो ।

यसैबीच भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले ओडिशाको बालासोर पुगेर रेल दुर्घटनास्थलको अवलोकन गरेका छन् । उनले रेलमन्त्री अश्विनी वैष्णव केन्द्रीय मन्त्री धर्मेन्द्र प्रधानसँग दुर्घटनाबारे जानकारी लिएका थिए ।

सो क्रममा प्रधानमन्त्री मोदीले यो दुर्घटनाप्रति सरकार गम्भीर रहेको र यसका लागि दोषी जो कोहीलाई पनि नछोडिने बताए ।

प्रधानमन्त्री मोदीले मन्त्रिपरिषद् सचिव र स्वास्थ्यमन्त्रीलाई फोन गरेर पीडित परिवारलाई सक्दो सहयोग गर्न निर्देशन दिए । लगत्तै उनले अस्पताल पुगेर घाइतेको अवस्थाबारे पनि जानकारी लिएका थिए ।

# तनाब कम गर्न चीनसँग वार्ता आवश्यक : अमेरिका

**काठमाडौं/एजेन्सी–** संयुक्त राज्य अमेरिकाले दुई महाशक्तिराष्ट्रबीच द्वन्द्व निम्त्याउन सक्ने 'असमझदारी' बाट बच्न चीनसँग वार्ता गर्नु आवश्यक भएको बताएको छ । अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले सिंगापुरमा भएको रक्षा शिखर सम्मेलनको अवसरमा चिनियाँ समकक्षी ली शाङफुलाई भेटका लागि निमन्त्रणा गरेको, तर बेइजिङले अस्वीकार गरेको पेन्टागनले बताएको छ ।

चिनियाँ प्रतिनिधिमण्डलका एक सदस्यले एएफपीसँग कुरा गर्दै आफ्ना मन्त्रीमाथिको अमेरिकी प्रतिबन्ध हटाउनु वार्ताका लागि पूर्वशर्त भएको बताएका छन् । अस्टिनले सङ्गिला डायलग नाम दिइएको सम्मेलनमा भने, 'विशेष गरी अमेरिकी र चिनियाँ रक्षा र सैन्य नेताहरूबीच सञ्चारको खुला रेखाहरू आवश्यक छन् । हामी जति धेरै वार्ता गर्छौं, त्यति नै हामी संकट वा द्वन्द्व निम्त्याउन सक्ने परिणाम र गलत अनुमानबाट बच्न सक्छौं ।' शीर्ष अमेरिकी अधिकारीहरू क्षेत्रीय गठबन्धन र साझेदारीलाई बढावा दिन अधिक आक्रामक चीन र उत्तर कोरियासँगको बढ्दो शत्रुतालाई कम गर्न एसियाको भ्रमणमा छन् । यसै अभियानका लागि उनले यो साता जापानको पनि भ्रमण गरेका थिए । अस्टिनले समझदारी निर्माण गर्न कुटनीतिक पहलका लागि भ्रमणका क्रममा भारत पनि पुग्नेछन् ।

शनिबार आफ्नो सम्बोधनमा अस्टिनले विश्वका दुई शक्तिबाली अर्थतन्त्रका सेनाबीच संकट व्यवस्थापनका लागि राम्रो संयन्त्रमा चीनले थप गम्भीरतापूर्वक संलग्न हुन नचाहेकोमा आफूलाई दुःख लागेको बताए ।

आइतबारको बैठकलाई सम्बोधन गर्ने लिलाई सन् २०१८ मा अमेरिकी सरकारले रूसी हतियार खरिद गरेको आरोपमा प्रतिबन्ध लगाएको थियो तर पेन्टागनले अस्टिनलाई लीसँग आधिकारिक कारोबार गर्नबाट नरोकेको बताएको छ ।

अस्टिनको टिप्पणीलाई लिएर तत्काल प्रतिक्रिया दिँदै चिनियाँ रक्षा मन्त्रालयका प्रवक्ता वरिष्ठ कर्णेल ताङ हेफेईले पेन्टागन प्रमुखले 'धेरै झुटा आरोपहरू लगाएको' बताए ।

चिनियाँ प्रतिनिधिमण्डलका अर्का सदस्य वरिष्ठ कर्नेल झाओ सियाओझुओले चीनलाई के गर्ने भनेर वासिङ्टनको निर्देशनको कुनै अर्थ नभएको बताए । उनले भने, 'हामीले चिनियाँ सेनामा जे गरिरहेका छौं, त्यो चीनको सुरक्षाको मूल स्वार्थमा आधारित छ, जुन आधारभूत कुरा हो ।'

झाओका अनुसार लीमाथिको प्रतिबन्ध हटाउनु अस्टिनसँग पर्याप्त वार्ताका लागि पूर्वशर्तमध्ये एक हो । वासिङ्टन र बेइजिङबीच ताइवान र कथित चिनियाँ जासुसी बेलुन, जसलाई अमेरिकी लडाकू विमानले खसालेको थियो, लाई लिएर तनाव बढेको छ ।

# पश्चिमी अस्ट्रेलियामा आठ सय किलो कोकिन बरामद

**काठमाडौं/एजेन्सी–** अस्ट्रेलियाको संघीय प्रहरीले शुक्रबार आठ सय किलोग्रामभन्दा बढी कोकिन बरामद गरेको छ । सो लागु पदार्थ तस्करी गर्ने प्रयास गर्ने अन्तर्राष्ट्रिय अपराध सिन्डिकेटसँग सम्बन्धित तीन जना पुरुषलाई पक्राउ गरिएको छ ।

प्रहरीका अनुसार मे २४ मा पश्चिमी अस्ट्रेलिया प्रहरी बल र स्वयंसेवी समुद्री उद्धार सेवाले २२ किलोमिटर टाढा रोटनेस्ट टापु नजिकै संकटमा परेको १० मिटर क्याबिन क्रुजरको चालक दललाई सहयोग गरेको थियो । बोर्डमा रहेका तीनजना पुरुषले प्रहरीलाई बताएअनुसार उनीहरूले जहाजको इन्जिनमा समस्याको देखेको तर डुङ्गा चलाउने अनुभव नभएको बताएका थिए ।

ती व्यक्तिको शंकास्पद गतिविधि देखेपछि प्रहरीले जहाजको निरिक्षणपछि पानीले भरिएको ब्यालास्ट ट्यांकीमा २९ वटा शंकास्पद प्याकेज फेला पारेको थियो । ती प्याकेजमा सेतो पाउडरका थुप्रै ब्लक पाइएको र कोकेन जस्तै प्रतीत भएको छ, थप अनुसन्धान जारी छ ।

तीन जनामध्ये दुई जनालाई बुधबार पक्राउ गरी पर्थमा हिरासतमा राकिएको छ भने तेस्रोलाई सिड्नीबाट पक्राउ गरिएको हो । ती आरोपित २१, २५ र २९ वर्षका रहेका छन् । दोषी प्रमाणित भएमा उनीहरुलाई अधिकतम आजीवन कारावासको सजाय हुनसक्ने प्रहरीले जनाएको छ ।

## मोटरसाईकल हरायो

मिति २०८०/०१/१७ गते दिउसो करिब ०३:०० बजेको समयमा का.जि.का.म.न.पा. काफलस्थित Heartland Academy अगाडि पार्किङ गरी राखेको बाग्मती प्रदेश ०२-०३७ प ३५७८ को कालो रातो रङ्गको 220cc पल्सर मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

| | | |
|---|---|---|
| सवारी धनी | : | दुलास अटो |
| ईन्जिन नं | : | DKXCNK 36205 |
| च्यासिस नम्बर | : | MD 2A13EX4NCK 81938 |
| बाइक नं. | : | बा.प्र.-०२ ०३७ प ३५७८ |
| सम्पर्क नम्बर | : | ९८१२४६२२७३ |
| ठेगाना | : | तारकेश्वर-०८, काठमाडौं |

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८०/०२/२१**

यस कम्पनीको मिति २०७४/१०/१४ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको बैठकको निर्णयानुसार साविक कम्पनी **जिझौल लक्ष्मी एकेडेमी प्रा.लि. (प्रा.लि. नं.: ११४४७४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरि कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/२६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **राधा कृष्ण बिद्या मन्दिर सिरहा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८०/०२/२१**

**ट्राभल बिष्ट ट्रेक्स एण्ड टुर्स प्रा.लि.** को मिति २०७९/१०/१८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ट्राएल कोएस्ट प्रा.लि. (प्रा.लि. नं.: ३०५४४९)** कायम गर्ने गरी मिति २०८०/०२/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कतारमा रोजगारको अवसर

कम्पनी: HYDRANGEA CLEANING AND HOSPITALITY
शहर: Doha

पूर्व स्वीकृत मिति: २०७८/०५/२२ चलानी नं.: ६०१६२५४८ LT. No.: 245138 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 0 | 10 | स. काममा दक्ष | 1400 | ५०,४८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २८ गते (11 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्याहोने | रोजगारदाताले व्याहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

## कुबेतमा रोजगार

कम्पनी: AL AMEER GROUP COMPANY
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/१०/२९ चलानी नं.: ६०१९६४३२ LT. No.: 280805 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Cleaner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ३८,४८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Messenger` | 15 | 0 | | 100 | ४२,७५९ | | | | | | | |
| 3. | Tea Boy | 30 | 0 | | 100 | ४२,७५९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० जेठ २८ गते (11 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Target H.R. Solution Pvt. Ltd.**
इजाजत पत्र नं. १३९७/०७४/०७५
Sinamangal-09, Kathmandu, Tel : 01-4116605 | P.O. Box: 3040
E-mail: targethrs2018@gmail.com | Web: Www.targethrs.com

## मलेसियामा रोजगार

कम्पनी: CONSTRUCTION LABOUR EXCHANGE CENTER BERHAD
शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७९/१२/२१ चलानी नं.: ६०१९९३८२ L.T. No.: 283987 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construcion worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४३,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० जेठ २८ गते (11 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 01-4561353
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np


## कुमारी बैंक लिमिटेड शाखा कार्यालय धनगढीमाईको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०२/२१ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी.बैक लि.) शाखा कार्यालय धनगढीमाईबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

**तपसिल**

**ऋणीको विवरण :**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभागको घरेलु तथा साना उद्योग कार्यालय, लहान सिरहामा मिति २०७३/०८/०७ मा दर्ता नं. ६७५२/०७३/७४ दर्ता कायम भई सिरहा जिल्ला, सुखिपुर न.पा. १० स्थित रजिष्टर्ड कार्यालय रहेको **बिनय कुखुरा तथा पशु फार्म** (प्रोप्राईटर सोती मण्डलको नाति, महादेब मंडल धानुकको छोरा, सिरहा जिल्ला, सुखिपुर न.पा. वडा नं.८ (साबिक सिरहा जिल्ला, सुखिपुर गा.वि.स. वडा नं. १) बस्ने **खुसी लाल मण्डल** ना.प्र.नं. १४०, जारी मिति २०४७/१२/२२, जिल्ला प्रशासन कार्यालय सिरहा) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**

१. सोती मण्डलको नाति, महादेब मंडल धानुकको छोरा, सिरहा जिल्ला, सुखिपुर न.पा. वडा नं.८ (साबिक सिरहा जिल्ला, सुखिपुर गा.वि.स. वडा नं. १) बस्ने **खुसी लाल मण्डल** (ना.प्र.नं. १४०, जारी मिति २०४७/१२/२२, जिल्ला प्रशासन कार्यालय सिरहा ) ।
२. जीया मण्डलको नाति, सोती मण्डलको छोरा, सिरहा जिल्ला, सुखिपुर न.पा. वडा नं.८ (साबिक सिरहा जिल्ला, सुखिपुर गा.बि.स. वडा नं. १) बस्ने **महादेव मंडल धानुक** (ना.प्र.नं. ९०८३-३११, जारी मिति २०४४/१०/२५, जिल्ला प्रशासन कार्यालय सिरहा) ।
३. सोती मण्डलकी बुहारी, महादेब मंडल धानुकको पत्नी, सिरहा जिल्ला, सुखिपुर न.पा. वडा नं.८ (साबिक सिरहा जिल्ला, सुखिपुर गा.वि.स. वडा नं. १) बस्ने **कागती मण्डल धानुक** (ना.प्र.नं. ९०८३-६१२, जारी मिति २०४४/१०/२५, जिल्ला प्रशासन कार्यालय सिरहा) ।
४. सोती मण्डलको नाति, महादेब मंडल धानुकको छोरा, सिरहा जिल्ला, सुखिपुर न.पा. वडा नं.८ (साबिक सिरहा जिल्ला, सुखिपुर गा.वि.स. वडा नं. १) बस्ने **राजाराम मंडल** (ना.प्र.नं. ९०८३४१३२, जारी मिति २०५९/११/१४, जिल्ला प्रशासन कार्यालय सिरहा) ।
५. महादेब मंडल धानुकको बुहारी, राजाराम मंडलकी पत्नी, सिरहा जिल्ला, सुखिपुर न.पा. वडा नं. ८ बस्ने **चाँदनी कुमारी मंडल** (ना.प्र.नं. १५-०१-७४-०४७९७, जारी मिति २०७४/०४/१८, जिल्ला प्रशासन कार्यालय सिरहा) ।
६. महादेब मंडल धानुकको बुहारी, खुसी लाल मण्डलकी पत्नी, सिरहा जिल्ला, सुखिपुर न.पा. वडा नं.८(साबिक सिरहा जिल्ला, सुखिपुर गा.बि.स. वडा नं. १) बस्ने **सोनिता देवि मंडल** (ना.प्र.नं. १५१०५३/१०८२, जारी मिति २०६९/३/८, जिल्ला प्रशासन कार्यालय सिरहा) ।

**धितो सुरक्षणको विवरण :**

१. **महादेव मंडल धानुकको** नाममा मालपोत कार्यालय, सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला, सुखिपुर गा.वि.स. वडा नं.०१/क को कित्ता नं. ६ को क्षेत्रफल २५८.४० (व.मि.) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. ऋणी **बिनय कुखुरा तथा पशु फार्म**को सम्पूर्ण चलअचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकमउपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितोसुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय धनगढीमाई फोन नं. ०३३-५४५१३३/१३४**

## बारागढीं गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**खोपवा, बारा**
**मधेश प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८०/०२/२१**

यस कार्यालयको मिति २०७९/१२/२४ गतेमा प्रकाशित सूचना अनुसार ठेक्का नं. BGRM/BARA/G/NCB/2079–080/04 (The Procurement of LPG gas Cylinders with Gas and Gas Stove with 2 Burner and with all other Accessories) सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार पर्न आएको बोलपत्रहरुको प्राबिधिक तथा आर्थिक मूल्यांकन गर्दा तपसिलको बोलपत्र न्यूनतम मूल्याङकित र सारभूत रुपमा प्रभाबग्राही देखिएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सूचना तथा दफा ४७ को उपदफा १ सँग सम्बन्धित प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम ठेगाना | कबोल रकम (VAT बाहेक) |
|---|---|---|---|---|
| १. | BGRM/BARA /G/NCB/ 2079-080/04 | The Procurement of LPG gas Cylinders with Gas and Gas Stove with 2 Burner and with all other Accessories | New Electronic Plaza, Rautahat, Gaur | रु. ३,५६,७३,००० (तीन करोड छप्पन्न लाख त्रिहत्तर हजार रुपैया मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२१ जेठ २०८०, आइतबार
4 June 2023, Sunday

## बक्स अफिस समाचार

# ‘निर्मातालाई भुत्ल्याएर नाङ्गो बनाउनु हुँदैन’



केही समययता नेपाल नेटवर्क टिभीबाट प्रशारण भइरहेको सिरियल ‘सरखारको सर’को निर्देशनमा व्यस्त विनयराज पौडेल २०५५ सालमा निर्माण भएको नेपालको पहिलो आर्ट फिल्म “चमेली”बाट बालकलाकारको रुपमा चलचित्र क्षेत्रमा प्रवेश गरेका थिए । ३५ भन्दा बढी सानो, ठूलो पर्दाको चलचित्रमा मुख्य, सहायक निर्देशक हुँदै अहिले एकल निर्देशनमा आफूलाई स्थापित गरिसकेका पौडेलले कृष्णलिला, बिहे पास, के म तिम्रो साथी बन्न सक्छु, लभयु हमेशा, पोइपऱ्यो काले, मेलालगायतका चलचित्रमा काम गरिसकेका छन् । उनले निर्देशन गरेको “नुनको भारी”ले अनुअल टुबोर्ग इमेज अवार्ड कार्यक्रममा बेष्ट निर्देशक, बेष्ट सम्पादक र बेष्ट छायाँकनको अवार्ड जित्न सफल भएको थियो । ठूलो लगानी लगाएर हजारौंलाई रोजगारी प्रदान गर्ने सिनेमा क्षेत्रप्रति राज्य उदासिन रहेको बताउने युवा निर्देशक **विनयराज पौडेल**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**पछिल्लो समय गरिरहनु भएको सिरियल कस्तो विषयवस्तुमा आधारित छ ?**

अहिले काम गरिरहेको सिरियल ‘सरखारको सर’ समसामयिक विषयवस्तु या भनौं अहिले समाजमा घटिरहेका यथार्थ घटनाहरुमा आधारित छ ।

**कलाकारिता गर्दै निर्देशक हुनुभएको छ, भाबी लक्ष्य के छ ?**

एउटा सफल निर्देशक बनेर देशमा मात्र होइन देश बाहिर पनि नेपाली चलचित्र यस्तो बन्छ है भनेर चिनाउने लक्ष्य छ ।

**चलचित्र निर्देशन र भिडियो निर्देशनमा के भिन्नता छ ?**

धेरै फरक छ। चलचित्र ठूलो क्यानभास भयो फराकिलो हुन्छ। देखाउन खोजेको फुर्सदिलो पाराले देखाउन सकिन्छ जुन भिडियोमा अलिक गाह्रो हुन्छ। भिडियोमा छोटो समयमा धेरै कुराहरु देखाउनुपर्ने हुन्छ ।

**टेलिभिजन मिडिया बढेसँगै सिरियल निर्माणमा पनि बढोत्तरी देखिन्छ, तर नचल्नुको कारण ?**

नचल्नुको कारण भनेको स्मार्ट फोन जुन हात, हातै हेर्ने बानी अहिलेको नयाँ जेनेरेसनमा पऱ्यो । जसले गर्दा मान्छेहरु टिकटक हेरेर मनोरञ्जन लिन थाले । टेलिभिजन कम हेर्नुको मुख्य कारण यही हो ।

**कस्तो खालको सिरियलमा बढी दर्शक आकर्षित हुन्छन् ?**

यस्तै ‘सरखारको सर’ जस्तै । समसामयिक, पारिवारिक अनि कमेडीप्रति दर्शक अलि बढी आकर्षित हुने गरेको पाएको छु ।

**म्युजिक भिडियो पनि निर्देशन गर्नुहुन्छ । भिडियो निर्देशन, निर्माणमा विशेष ध्यान दिनुपर्ने पक्ष के हो ?**

विशेष ध्यान दिनुपर्ने भनेको गीतअनुसारको कथा, लोकेसन अनि पात्रहरुको छनोट ।

**यति धेरै फिचर्स फिल्मको निर्देशन गरिसक्नु भएको छ । फिचर्स फिल्म नपाएर सिरियलतिर लाग्नु भएको हो ?**

होइन, होइन । अहिलेको व्यस्त समयलाई सदुपयोग गर्दै मान्छेहरु फुर्सद भयो कि फोनमै संसार देख्छन्, त्यसैमा जुनसुकै बेला जहाँ पनि हेर्न मिलोस् भनेर सिरियल पनि गर्न थालेको हुँ । गर्ने त फिल्म नै हो, तयारी हुँदैछ ।

**६०–७० वर्षको इतिहास बोकेको भएपनि यो क्षेत्र व्यावसायिक बन्न सकेन भन्छन् नि ?**

अन्तर्राष्ट्रिय बजार नखोज्नु, राज्यबाट पहल नहुनु, अहिलेसम्म उद्योगको मान्यता पाएपनि व्यवहारमा मान्यता नपाउनु नै होलान् मुख्य कारणहरु। नत्र यत्रो अन्तरालमा भारतीय सिनेमा उद्योग ‘बलिउड’ कहाँबाट कहाँ पुग्यो, हाम्रो इतिहास मेटिन थाल्दै छ ।

**तपाईंको विचारमा यो क्षेत्रको संस्थागत विकासका लागि के गर्नुपर्ला ?**

यसमा पनि यही कुरा आउँछ, मैले अघि नै भने मुख्य भनेको राज्यबाटै पहल गर्नुपर्छ। विदेशी फिल्म सरह हाम्रो फिल्म पनि अन्तर्राष्ट्रिय बजार पुग्नुपर्छ । आफ्नै मुलुकमा हामीलाई विदेशी फिल्मभन्दा टाढा राखिन्छ ।

**नेपालमा स्टारडमको महत्व नहुनुको कारण के होला ?**

आफूलाई रिजर्भ राख्न नसक्नु। टिकटकदेखि रिलसम्म देखिनु । जे पायो त्यै खेल्नु । मान्छेले फलानो स्टारको फिल्म भनेर कुरुन् न अनि पो स्टारडमको महत्व हुन्छ ।

**नयाँ धार र पुरानो धारको विवाद उठिरहन्छ, वास्तम्बमा के हो यो ?**

खासमा केही होइन यो । नयाँ जोगी खरानी धेरै घस्छन् भने झैं हो । आफूलाई चर्चामा ल्याउने, पुरानालाई होच्याउने बाहेक फगत केही होइन। हामीले विवाद गर्ने होइन, मिलेर काम गर्ने हो । रिजलटले देखाउने हो । पुरानालाई सम्मन गर्ने, उहाँहरुको अनुभवलाई कैद गर्ने हो ।

**नेपाली कला क्षेत्रको समग्र विकासका लागि राज्यबाट के अपेक्षा गर्नुहुन्छ ?**

राज्यले आफ्नै कला, धर्म, संस्कृति, मौलिक कथाअनुसारको चलचित्रलाई प्रोत्साहन गरेर विश्वसामु चिनाउने प्रयास गर्नुपर्छ। राज्यले चाहे के हुँदैन ? तर यसतर्फ ध्यान नै छैन ।

**निर्माताको लगानी सुरक्षित गर्न निर्देशकको भूमिका के हुन सक्छ ?**

अहम भूमिका हुन्छ । दर्शकको मनोभावना बुझ्न सक्नुपर्छ । त्यहीअनुसारको चलचित्र बनाउन निर्मातालाई प्रोत्साहन गर्नुपर्छ । निर्माता भनेको भगवान, अन्नदाता हुन्। हामीले उहाँहरुलाई फेरि, फेरि काम गर्न सक्ने वातावरण बनाउने कोसिस गर्नुपर्छ । पाएँ भन्दैमा निर्मातालाई भुत्ल्याएर नाङ्गो बनाउनु हुँदैन ।

**लामो समयदेखि यो क्षेत्रमा निरन्तर खटिरहनुभएको छ। अवार्ड, सम्मानहरु त पाउनु भएको होला नि ?**

मूल्यांकनअनुसारको पाएको छु । मलाई अवार्ड, सम्मनमा खासै रुचि छैन। मेरो अवार्ड, सम्मनहरु भनेका दर्शकहरु हुनुहुन्छ। मेरा लागि उहाँहरु नै अवार्ड र सम्मान हुन् ।

**अन्त्यमा के भन्न चाहनु हुन्छ ?**

नेपाली चलचित्र उद्योगलाई अगाडि बढाउने सवालमा आफ्नो तर्फबाट हरसम्भव प्रयास रहने छ। मलाई सम्झेर तपाईंको यो लोकप्रिय पत्रिका मध्यान्ह दैनिकमा स्थान दिनुभएकोमा पत्रिका परिवारप्रति मनैदेखि नमन् भन्न चाहन्छु।

# आफ्नो भित्री शक्तिलाई अँगालो हाल्नुहोस् : सीमा सराफ

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २० जेठ

स्टार स्किलकी सह संस्थापक एवम् प्रमाणित मनोवैज्ञानिक सीमा सराफले ’द मिसेस नेशनल २०२३’मा महिला सशक्तीकरण र मनोवैज्ञानिक स्वास्थ्य कक्षामा प्रशिक्षण दिएकी छिन् ।

काठमाडौंमा गत बुधबार सञ्चालन भएको विवाहित महिला सौन्दर्य प्रतियोगिता ‘द मिसेस नेशनल २०२३’को कक्षामा सराफले सहभागी महिलाहरुलाई महिला सशक्तीकरण र मनोवैज्ञानिक स्वास्थ्य कक्षा दिएकी हुन् ।

उनले ‘द मिसेस नेशनल २०२३’मा सञ्चालित कक्षामा सहभागी विवाहित महिलाहरूलाई आफ्नो भित्री शक्तिलाई अँगालो हाल्न र आफ्नो मनोवैज्ञानिक कल्याणलाई बढाउन आग्रह गरिन् ।

सरापऱले सहभागी महिलाहरुलाई आफ्नो शंका सफा गर्न आग्रह गर्दै शंकाले




आत्मविश्वास निर्माण गर्न नसक्ने बताइन्। उनले भनिन्, ‘आफूलाई विश्वास गर्नु सबैभन्दा महत्वपूर्ण कुरा हो, जुन तपाईंले निर्माण गर्न सक्नुहुन्छ ।’

उनले आफ्ना कमजोरीहरुलाई स्वीकार गर्दै त्रुटिहरुलाई सच्याउँदै अगाडि बढ्नुपर्ने बताइन् । उनले भनिन्, ‘तपाईंले गर्नुपर्ने कुरा भनेको आफैंलाई स्वीकार गर्नु हो । त्यसैले आफ्ना कमजोरीहरू स्वीकार गर्नुहोस् र आफ्ना त्रुटिहरूलाई सच्याउँदै अगाडि बढ्नुहोस् । यो संसारमा परिवर्तन हामी मात्रै गर्न सक्छौं, त्यसैले तपाईं जे गर्नुहुन्छ त्यसमा विश्वस्त हुनुहोस्। सबैजना आफ्नै तरिकामा रचनात्मक छन्, कसैले आवाज निकाल्न सक्छन्, कोही गायन तथा कोही नृत्यमा राम्रा हुन्छन् ।’

उनले केबल आफ्नो प्रतिभालाई उजागर गर्न र अवसरको फाइदा उठाउन आवश्यक रहेको बताइन् ।

मधेश प्रदेशअन्तर्गत सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, बारा, रौतहटलगायत झापा, मोरङ, सुनसरी, रुपन्देहीका २० जना विवाहित महिलाहरु कक्षामा सहभागी थिए ।

# सागर र मन्जिसले ल्याए ‘वनको जडीबुटी’

**पुस्तक रेग्मी/मध्यान्ह**
पोर्चुगल, २० जेठ

गायक सागर बिसीको स्वरमा रहेको नयाँ गीत सार्वजनिक भएको छ। गायक बिसीले ‘वनको जडीबुटी’ बोलको गीत सार्वजनिक गरेका हुन्। गीतमा बिसीलाई गायिका शान्तिश्री परियारले साथ दिएकी छिन्। धादिङ गंगा जमुना गाउँपालिका-७ बुढाथुम घर भई हाल अमेरिका बसोबास गर्दै आएका मन्जिस अधिकारीको प्रस्तुतिमा गीत तयार गरिएको हो। अधिकारी कलाकार समेत हुन् । अधिकारी अमेरिकामा बसेर पनि नेपाली गीतसंगितलाई माया गर्दै आएका छन् ।




रमेश परियारको शब्द तथा संगीत रहेको गीत बिसीले आफ्नै युट्युब च्यानल ‘सागर बिसी अफिसियल’मार्फत सार्वजनिक गरेका हुन्। गीतको भिडियोमा विमल अधिकारी र अन्जली अधिकारीको नृत्य देख्न सकिन्छ। अजय रेग्मीको छायाँकन रहेको उक्त म्युजिक भिडियो काजिश श्रेष्ठले निर्देशन गरेका हुन् । सम्पादन र कलरिङ दिपक विष्टले गरेका हुन् ।

धादिङ गंगा जमुन गाउँपालिका बुढाथुम घर भएका गायक बिसी अहिलेका चर्चित गायक हुन्। उनका यसअघि ‘सालघारिमा सिसौ’, ‘वनको ढुकुर’, ‘परदेशी छोरो’, ‘मुस्कानै मिठो छ’लगायत धेरै गीत बजारमा ल्याइसकेका छन् ।

## NEPAL RED CROSS SOCIETY

## SEALED QUOTATION NOTICE

**Publication Date: 4 June, 2023**

The Nepal Red Cross Society invites sealed quotations from manufacturers/reputed firms/suppliers for the supply and Installation work for Furniture of Nepal Red Cross Society center Warehouse at bhaktapur. Sealed Quotation document containing request for quotation, instruction to bidders, detailed specifications of each items and the terms & conditions etc. can be purchased from Nepal Red Cross Society, National Hqs, Red Cross Marga, Kalimati, Kathmandu during office hours from 4 june to 18 June, 2023 on written request with relevant documents( copy of Firm registration, VAT, Tax clearance) and against payment of non - refundable tender fee of Rs. 1000/-.

Quotation in sealed cover and the earnest money will be received at the above address during working days between 10.00 hrs. to 13.00 up to 19 June, 2023. The quotation received will be opened at 14:00 P.M. on 19 June, 2023 at NRCS, Nhqs, Kalimati, and Kathmandu.

The bidder(s) must deposit 2.5 % including VAT 13% of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No. 17 0002089 33 of Nepal Red Cross Society at Standard Chartered Bank Ltd. Kathmandu or Bank Demand Draft payable in favor of the said account at the submission of bids or Bank guarantee with validity of 3 months (90) days. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing the agreement.

The Nepal Red Cross Society reserves the right to increase or decrease the quantity or drop any item and also to accept or reject part or whole quotation or any or all the quotation without assigning any reason whatsoever and not bound to accept the lowest bid.

**Nepal Red Cross Society**
**National Head Quarters**
Red Cross Marga, Kalimati,
Kathmandu - Nepal
Phone: 4270650

# सविताको ‘एक चिम्टी सिन्दूर’ सार्वजनिक



**काठमाडौं/मस–**
गायिका अञ्जु पन्तको स्वर, सञ्चारकर्मी सविता पोखरेलको शब्द समेटिएको गीत ‘एक चिम्टी सिन्दूर’ सार्वजनिक भएको छ ।

गीतमा सरोज कोइरालाको संगीत, विष्णु अधिकारीको संगीत संयोजन छ भने मिक्सिङ विप्लव अधिकारीले गरेका छन् । म्युजिक खबर युट्युब च्यानलमार्फत गीत सार्वजनिक गरिएको हो ।

गीतको भिडियोमा कलाकार सागर लम्साल ‘बले’, अञ्जली अधिकारी र समिक्षा क्षेत्रीको त्रिकोणात्मक कथा जोडिएको छ ।

माया प्रेमभित्र समेटिएको रोदनमा ‘एक चिम्टी सिन्दूर’को महत्व र अभावलाई भिडियोमा झल्काइएको छ । प्रकाश भट्टद्वारा निर्देशित भिडियो नवराज उप्रेतीले खिचेका हुन् ।

## मलेसियामा रोजगार

कम्पनी : BESTARI GUARD FORCE SECURITY SDN. BHD.
शहर : Malaysia, PETALING JAYA

पूर्व स्वीकृत मितिः २०७९/०९/१३ | चलानी नं.: ६०१९४३२८ | LT. No.: 278313 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 23 | 0 | स. काममा दक्ष | 1500 | ४३,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २८ गते (11 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं. १०८४/०७३/०७४

INTERNATIONAL HR SOLUTION PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4111221
Email: internationalhr1084@gmail.com, Web.: www.internationalhr.com.np

# चर्च ब्वाइज र सातदोबाटोको जित

## श्री स्टार र एपीएफले अंक बाँडे

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० जेठ



राजधानीमा जारी शहीद स्मारक ए डिभिजन लिगमा शीर्ष स्थानको चर्च ब्वाइज युनाइटेड र सातदोबाटो युथ क्लबले जित निकाल्दा थ्री स्टार फुटबल क्लब र एपीएफ फुटबल क्लब बराबरीमा रोकिएका छन् ।

शनिबार भएको खेलमा चर्च ब्वाइजले जावलाखेल युथ क्लबलाई ३-० गोल अन्तरले हराएको हो भने सातदोबाटोले त्रिभुवन आर्मी क्लबलाई २-१ गोल अन्तरले हराएको हो। यता थ्री स्टार र एपीएफले १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा चर्च ब्वाइजलाई जित दिलाउन आशिष चौधरीले दुई तथा अन्जन विष्टले एक गोल गरे। पहिलो हाफको इन्जुरी समयमा अन्जनले गोल गर्दै चर्च ब्वाइजलाई सुरुआती अग्रता दिलाएका थिए ।

जावलाखेलका डिफेन्डर राहुल राहुलले रंजित सिंह पान्द्रेलाई पेनाल्टी क्षेत्रमा लडाएपछि चर्च ब्वाइजले पेनाल्टीको अवसर पाएको थियो । अन्जनको पेनाल्टी चर्च ब्वाइजका गोलकिपर ईश्वर गुरुङले बचाए। तर त्यही रिबाउन्ड बलमा अन्जनले गोल गरे ।

खेलको ८८ औं मिनेटमा आशिषले गोल गर्दै चर्च ब्वाइजलाई २-० को अग्रता दिलाए। त्यसपछि खेलको इन्जुरी समयमा आशिषले व्यक्तिगत दोस्रो गोल गर्दै चर्च ब्वाइजलाई ३-० को जित दिलाए ।

जितसँगै चर्च ब्वाइजले २४ खेलमा ४४ अंक जोडेको छ । जावलाखेल २६ खेलमा ३७ अंक जोडेर तेस्रो स्थानमा रहेको छ।

यस्तै च्यासल मैदानमा सातदोबाटोलाई जित दिलाउन शिव सुवेदी र दिपेन्द्र राज सिंह ठकुरीले एक एक गोल गरे। आर्मीका नवयुग श्रेष्ठले एक गोल फर्काए।

खेलको दोस्रो मिनेटमा शिवले गोल गर्दै सातदोबाटोलाई शुरुवाती अग्रता दिलाएका थिए। खेलको २९ औं मिनेटमा नवयुगले गोल गर्दै आर्मीलाई १-१ गोलको बराबरीमा ल्याएका थिए। त्यसपछि खेलको ६३ औं मिनेटमा दिपेन्कले पेनाल्टीमार्फत गोल गर्दै सातदोबाटोलाई २-१ को जित दिलाए।

जितसँगै सातदोबाटोले २४ खेलमा ३२ अंक जोडेको छ। आर्मीले २४ खेलमा ३० अंक जोडेको छ।

यता त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा थ्री स्टार र एपीएफ क्लबले १-१ गोलको बराबरी खेल्दै अंक बाँडे। थ्री स्टारका लागि सुनिल तामाङ र एपीएफका मणि कुमार लामाले एक एक गोल गरे।

यस बराबरीसँगै थ्री स्टारले २४ खेलमा २८ अंक जोडेको छ। एपीएफले २४ खेलमा ३० अंक जोडेको छ।

# नेपाल टिम च्याम्पियन



**काठमाडौं/मस-** नवौं इन्डो नेपाल कराते प्रतियोगितामा नेपाल टिम च्याम्पियन भएको छ। पुरुष खुला तौलसमूहमा स्वर्ण विजेता मित्रपार्क डोजोका श्रीयांश शाही र महिला ३५ केजीमुनि तौलसमूहकी स्वर्ण विजेता कालिका शरण स्कुलकी लक्ष्मी वाइबा प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी बने ।

पुरुष र महिला एकल काता तथा कुमुतेतर्फ महिला/पुरुष १०/१० तौलसमूह गरी २२ स्वर्णका लागि भएको प्रतियोगितामा अधिकांश सफलता नेपाली खेलाडीले पाए। नेपालले २१ स्वर्ण जित्दा भारतका खेलाडीले एक स्वर्ण जिते ।

प्रतियोगिताको पहिला दिन ६ स्वर्णको छिनोफानो भएको थियो। अन्तिम दिन शनिबार बाँकी स्पर्धा सम्पन्न भए ।

महिला २० केजीमा नेपालकी आरती गुप्ता, २५ केजीमा सजिना तामाङ, ३० केजीमा सलिना लामा, ३५ केजीमा लक्ष्मी वाइबा, ४० केजीमा प्रेशा राई, ४५ केजीमा अनुरती कार्की र ५० केजीमा अपेक्षा मगरले स्वर्ण जिते ।

त्यस्तै ५५ केजीमा कृपा बिनानीले स्वर्ण जितिन् । ६० केजीमा दिनका राई र खुला तौलसमूहमा लीन राईले स्वर्ण जितिन्। कातातर्फ अपेक्षा मगरले स्वर्ण जितिन्।

पुरुषतर्फ २० केजीमा अरुण तामाङ, २५ केजीमा ड्यानियल तामाङ, ३० केजीमा आरोग्य पौडेल, ३५ केजीमा देवेन्द्र मगर, ४० केजीमा श्रीयांश शाहीले स्वर्ण जिते।

त्यस्तै ४५ केजीमा नीमा तामाङ, ५० केजीमा पुजन राई, ५५ केजीमा प्रज्वलसिंह कार्की, ६० केजीमा दावा शेर्पा र खुल्ला तौलसमूहमा सुरेश तामाङले स्वर्ण जिते।

काठमाडौंको हात्तीगौंडास्थित नेसनल युनाइटेड स्कुलको आयोजना तथा नेपाल गोजु-काइ कराते डो संघको प्राविधिक सहयोगमा सम्पन्न भएको प्रतियोगितामा भारत, कोलकाताको डोजो तथा विद्यालयका २० सहित २५० जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

आयोजक नेसनल युनाइटेड स्कुलकी प्रिन्सिपल शायरा हमाल, बूढानीलकण्ठ नगरपालिका वडा नम्बर १० का वडा अध्यक्ष एवम् नगर प्रवक्ता नबराज भट्टराई, अन्तराष्ट्रिय कराते रेफ्री राम लामा, नेपाल गोजुकाई कराते महासंघका उपाध्यक्ष एवम् नेसनल युनाइटेड स्कुलका संस्थापक जेबी हमाल, कलकत्ता कराते क्लब गोजुकाई कराते डो वेष्ट बंगालका प्रमुख प्रशिक्षक श्री ललित कुमार साव, नेपाल गोजुकाई कराते महासंघका सदस्य शुशीलराज उप्रेती, प्याब्सन टोखा नगर समितिका कोषाध्यक्ष महेश पाण्डे लगायतले पुरस्कार वितरण गरे।

# नुवाकोटे टाइगर हेभी वेट च्याम्पियन



**काठमाडौं/मस-** नुवाकोटे टाइगरले चौथो राष्ट्रिय रिङ रेस्लिङ प्रतियोगिताको हेभी वेट उपाधि शनिबार जितेका छन् । लैनचौर स्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको प्रतियोगिताको मुख्य स्पर्धा हेभी वेटमा टाइगरले डेभिडलाई पराजित गरे । उपाधिसँगै टाइगरले १ लाख ५५ हजार नगद पुरस्कार पाए। एक साताको अवधिमा टाइगर हेभी वेट च्याम्पियन बनेको दोश्रो पटक हो। टाइगरले जेठ १३ गते सुर्खेतमा भएको रेस्लिङमा पनि उपाधि जितेका थिए।

नेपाल रिङ रेस्लिङ संघद्वारा आयोजित प्रतियोगिता जोखिमपूर्ण मानिएको स्पर्धा हार्ड कोरमा साइनले चट्टानलाई हराउँदै १ लाख २५ हजार नगद पुरस्कार जिते । टुप्पी ग्याङ र एक्स हिरो/सीजे वर्ल्डबीचको ट्याग टिम म्याचमा एक्स हिरो/सीजे वर्ल्डले बाजी मारे। एक्स हिरो/सीजे वर्ल्डले १ लाख नगद पुरस्कार प्राप्त गरे।

लाइट वेट म्याचमा सुजल च्याम्पियन हुँदै ६५ हजार नगद पुरस्कार हात पारे। उनले कम्ब्याट कर्मालाई पाखा लगाए। महिलाको एक मात्र स्पर्धा लाइट वेट म्याचमा आकृतिले तनुलाई पन्छाइन् । आकृतिले ८० हजार नगद पुरस्कार हात पारिन्।

विजेतालाई मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष ध्रुव आचार्य, राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत आर्थिक प्रशासन शाखाका प्रमुख पासाङ फिन्जी शेर्पा, आयोजक नेपाल रिङ रेस्लिङ संघका कार्यवाहक अध्यक्ष योगेश्वर श्रेष्ठ, महासचिव सुवर्ण श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

# भ्याली पब्लिक र ग्रिनल्यान्ड सफल



**काठमाडौं/मस-** भ्याली पब्लिक र ग्रिनल्यान्डले प्रथम बीएमसीए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा शनिबार सफलता पाएका छन्।

बूढानीलकण्ठ मोडेल कम्युनिटी एकेडेमी (बीएमसीए) र बूढानीलकण्ठ नगरपालिकाद्वारा संयुक्त आयोजित प्रतियोगितामा भ्याली पब्लिकले आयोजक बीएमसीए 'बी' लाई ४२-३३ ले पराजित गऱ्यो। भ्याली पब्लिकका अनमोल गुरुङले १५ अंक योगदान गरे। प्रवीण गुरुङको १३ अंक सहयोगमा ग्रिनल्यान्डले टीआईएलाई ४४-३२ ले हरायो।

सिनियर ब्वाइजमै दोहोरो जित निकाल्ने क्रममा भ्याली पब्लिकले सेन्ट जेभियर्समाथि ४९-३० को जित दर्ता गऱ्यो। विजयी टिमका लागि सुजन चौधरीले १५ अंक जोडे। हिमालयन किङडम विरुद्धको खेलमा गोल्डेनपिक ५९-३७ ले विजयी भयो।

गर्ल्समा पनि भ्याली पब्लिकले दोहोरो जित आत्मासात् गऱ्यो। भ्याली पब्लिकले बीएमसीएलाई ३५-२८ तथा जुगललाई ३९-२५ ले पाखा लगायो। जितमा बीएमसीए विरुद्ध लोरिशा गौचनले ११ तथा एन्जल गुप्ताले १९ स्कोर गरे।

जुनियर ब्वाइजमा ग्रिनल्यान्डले भ्याली पब्लिकलाई १८-१३, गोल्डेनपिकले बीएमसीएलाई २५-२० र स्किब्सले एन्जल्स हार्टलाई १८-१७ ले पन्छाए। ग्रिनल्यान्डका विश्वास केसीले ६ तथा गोल्डेनपिकका पासाङ शेर्पाले १५ अंक जोडे।

# मधेश प्रदेशस्तरीय करातेमा सिरहा प्रथम

**अखिलेश कुमार यादव/मध्यान्ह**
जीतपुर, २० जेठ



नेपाल सितोरियो कराते दोजाङ्ग सिमराको आयोजनामा प्रथम मधेश प्रदेशस्तरीय कराते प्रतियोगिता २०८० सम्पन्न भएको छ। दुई दिनसम्म सञ्चालित प्रतियोगितामा सिरहा जिल्ला प्रथम, रौतहट द्वितीय र आयोजक तृतीय भएका छन्।

स्थानिय स्तरमा कराते खेलको विकास र विस्तारमा टेवा पुऱ्याउने उद्देश्यका साथ आयोजना गरिएको प्रतियोगितामा बारा, पर्सा, रौतहट, सर्लाही, सिरहा, सप्तरी, धनुषालगायतका जिल्लाका खेलाडीको सहभागिता रहेको थियो।

नेपाल सितोरियो कराते दोजाङ्गका प्रमुख सानु पटेलको अध्यक्षता तथा नेपाल कराते संघ नेपालका अध्यक्ष युवराज लामाको प्रमुख आतिथ्य एवम् नेपाल सितोरियो कराते मधेश प्रदेश प्रमुख रामचन्द्र ठाकुरको विशिष्ट आतिथ्यतामा भएको कार्यक्रममा विजेता खेलाडीलाई ट्रफी, नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो।

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०२/२१**

जिल्ला डडेल्धुरा पर्शुराम नगरपालिका वडा नं. ६ करालीे रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आ.व. २०७९/०८० मा संकलन भएर उत्पादन भई पशुराम नगरपालिका वडा नं. ६ करालि घाटगद्दी गरी राखिएको काठ तथा दाउरा संकलन सहमति अनुसार महाकालि सडक योजनाले सडक रेखांकनमा परेका रुखहरु संकलन गरि जिल्ला बन पैदार आपुर्ति समितिलाई छुट्याएपछिको बाकि हुन आउने काठ दाउरा लट नं. १ साल थान जम्मा थान ३२८ को ३९९७.२४ असना थान ५२ को ७५७.९७ जामुन थान३ १६.९१ टुनी थान १० को १२३.४० सादन थान ८को १७.१९ आप थान १० को १९२.४९ बोटधयरो थान २ को १४.१७ क्यु.फिट काठ दाउरा चट्टा १३.०० र ५.३० दाउरा चट्टा जे जस्तो अवस्थामा छ। सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री मधुसुन्दरी सा.व.उ.स. पर्शुराम न.पा. ६. कराली डडेल्धुरा**

## कर्मचारी नियुक्तीको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त **वाईज ईन्टरनेशनल नेपाल प्रा.लि.(८३७/०६६/०६७)** मा मिति २०८०/०२/१९ गते देखि विभिन्न पदमा कार्यरत निम्न कर्मचारीहरुलाई नियुक्ती गरिएको जानकारी यहाहरु सम्पूर्णमा गराइन्छ ।

| क्र.स. | नाम | पद | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|---|
| १ | एनिशा शाही | रिसेप्सनिष्ट | रघुगंगा-३, म्याग्दी | ४९-०१-७७-००१८१ |
| २ | सबिना चौलागाई | जनसम्पर्क अधिकारी | चौरीदेउराली-८, काभ्रे | ३०-०१-७५-०९२११ |

**वाईज ईण्टरनेशनल नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ८३७/०६६/०६७
टोखा-७, काठमाण्डौ, फोन नं.:-०१-४३७३३५१, ४३७३७८४, ४३७३८०७

## शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी

कम्पनी: **Al Muthana company for recruitment and employment of house workers** शहर: **AMMAN**

पूर्व स्वीकृत मिति: २०७८/०९/०५ चलानी नं.: ६०१७०८६५ LT. No.: 254298 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housemaid | 0 | 11 | स. काममा दक्ष | 300 | ३९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २८ गते (11 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**नोट : भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिबार्य लिनु पर्ने ।**
**खाना, बस्न सहित तालिम नि:शुल्क हुने र शुन्य लागत (Zero cost) मा जान पाईने ।**

**EARTH VISION MANPOWER SERVICES PVT. LTD.**
Govt. Lic. No. 749/064/065
Jaya Bageshwari, Kathmandu, Nepal, Tel.: 4481192
E-mail: earthvision2016@gmail.com

## Japan मा रोजगारको अवसर — Sato Chikusan Foods Co.Ltd

पुर्व स्वीकृती मिति: २०८०/०२/१८ चलानी नं. ६०२०२४६० LT No.: 286727

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Ready- Made Meal Processing | 2 | 1 | काममा दक्ष | 1,60,000 | १,५१,२११।- | क.नि. अनुसार | ७.५ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु.५०,०००/- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्वन्धमा तालिम लिएको हुनुपर्ने

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्वन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च : रु ५०,०००/-**
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालयमा २०८०/०२/२८ गते (11 June, 2023) हुनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् । २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा विमा गराउनुहोस् । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् । ७) श्रम स्वीकृतिविना बैदेशिक रोजगारीमा नजानुहोस् । बैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोट: जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ । जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ ।**

**Tiger Overseas Employment Services Pvt. Ltd.**
Govt Lic. No: 335/059/060
Kathamandu 4 Prakash marg, Dhumbarahi, Nepal 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np

## साउदीमा रोजगार | कम्पनी: NOUR MINA AL SHARQ APARTMENTS FOR RESIDENTIAL UNITS.

शहर: Saudi Arabia, Dammam

पूर्व स्वीकृत मिति: २०८०/०२/०७ चलानी नं.: ६०२०२४७२ LT. No.: 286456

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Room Service | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २८ गते (11 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.**
श्रम ईजाजत न.: ७४१/०६४/०६५
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०

## साउदीमा रोजगार | कम्पनी : VARIETIES OF FLAVORS FOOD SERVICE EST.

शहर : Riyadh

पूर्व स्वीकृत मिति: २०७९/१२/२३ चलानी नं.: ६०१९९७३४ L.T. No.: 284205 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 4 | 0 | स. काममा दक्ष | 1400 | ४९,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **BABAT TRIBAH FUEL STATION** शहर: Riyadh

पूर्व स्वीकृत मिति: २०७९/१२/२२ चलानी नं.: ६०१९९४९० L.T. No.: 284123 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Liquid Fuel Station Seller | 3 | 0 | स. काममा दक्ष | 1300 | ४५,६०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० जेठ २८ गते (11 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

## UAE मा रोजगार | कम्पनी : DECAGON SCAFFOLDING & ENGINEERING CO. LLC

शहर :UAE

पूर्व स्वीकृत मिति: २०७९/०२/०१ चलानी नं.: ६०१८१०७८ L.T. No.: 265162 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 20 | 0 | स. काममा दक्ष | 1400 | ५०,०७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ २९ र ३० गते (12 & 13 June 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Tokha, Horizon Apartment to Opposite of Basundhara Chowki, Kathmandu, Nepal
Fax: 436474, Phone: 01-4361111, 4366318
Email : cv@motherlandoverseas.com

सरकारले गत जेठ १५ गते आर्थिक वर्ष २०८०/८१ का लागि १७ खर्ब ५१ अर्ब ३१ करोड रुपैयाँको बजेट संघीय संसदमा प्रस्तुत गरेको छ । अघिल्लो वर्षको भन्दा २.३७ प्रतिशतले घटेर आएको बजेटले खर्च कटौतीको प्रयास पनि गरेको दाबी गरिएको छ । सरकारले शिक्षामा १ खर्ब ९७ अर्ब, स्वास्थ्यमा ८३ अर्ब ९९ करोड र कृषिमा ५८ अर्ब ९८ करोड बजेट विनियोजन गरेर विभिन्न क्षेत्रको सुधारको प्रयास पनि गरेको चर्चा भइरहेको छ । दर्जनौं महत्वकांक्षी नाराहरु समावेश भएको र खर्च कटौतीको योजनासहितको बजेट प्रस्तुत गरेपनि पनि बजेट चालु खर्च केन्द्रित मात्रै बन्दै आएको पनि आरोप लाग्दै आएको छ । तसर्थ, ठूला आयोजना, परियोजनाका काम छिटो सकेर पुँजीगत खर्च बढाउनुपर्ने विषयमा अर्थविज्ञहरुले जोड दिँदै आएका छन् । प्रस्तुत छ, बजेटको सकारात्मक र नकारात्मक विषयमा केन्द्रित रहेर अर्थशास्त्री **डा. डिल्लीराज खनाल**सँग मध्याह्न दैनिकका लागि **कान्ति न्यौपाने**ले गरेको कुराकानीको सम्पादित अंश :

# ‘आर्थिक मन्दीले प्रभावित क्षेत्र समेट्ने गरी बजेट आएन’



विभिन्न मन्त्रालयबाट आएको बजेटलाई समावेश गर्ने नाममा बजेट विल्कुल भद्दा, विरोधाभाषपूर्ण र छरपष्ट छरेको देखिन्छ । स्थानीय तहको अधिकारलाई पनि संघको मानेर कार्यक्रम ल्याउन खोजिएको छ भने नीतिगत हिसाबले हामी यसरी अर्थतन्त्र सुधार गर्छौं भन्ने स्पष्ट खाका छैन ।

**डा. डिल्लीराज खनाल**
**अर्थशास्त्री**

**सरकारले संघीय संसदमा गत हप्ता प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटलाई कसरी हेर्नुभएको छ ?**

बजेटको सकारात्मक पक्षबाटै शुरु गरौं । यो वर्षको बजेटमा चालुतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड रुपैयाँ अर्थात् कुल विनियोजनको ६५.२० प्रतिशत रकम विनियोजन गरिएको छ । अघिल्लो वर्षको तुलनामा बजेटको आकार घटाइएपनि बजेटले फजूल खर्चलाई सकेसम्म कम गर्ने प्रयास गरेको छ ।

दोहोरो कार्यक्षेत्र र औचित्य नभएको २० वटा सार्वजनिक संस्था खारेज हुने, फजूल खर्च रोक्न बैठक, भत्ता र अनावश्यक कर्मचारी हटाउने, विदेशी पुँजी ल्याउने र आइटीको क्षेत्रमा गर्न खोजेको विषय सकारात्मक देखिन्छ । सरकारले कुल पुँजीगत खर्चको एक प्रतिशत नवप्रवर्तन र आविष्कारमा छुट्याउने र समयमा काम शुरु नगर्ने ठेकेदारको लाइसेन्स नै खारेज गर्नेसम्मको सहि प्रावधान सहि छ । हामीले दिएको सुझावलाई पनि बजेटमा समेटिएको छ ।

तर, बजेट प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा सरकारको राजस्व लक्ष्यमा धक्का पुगेको, प्रणालीमा तरलता असहज भएको र मागमा ठूलो संकुचन आउँदा नयाँ लगानीका लागि निजी क्षेत्रको समेत मनोबल कमजोर हुँदै आएको छ । आमरुपमा अर्थतन्त्रमा जुन संकट छ त्यसलाई समाधान गर्नेगरी भने बजेट आएको छैन ।

बजेटमा जुन प्रक्रियागत समस्याको विषय उठाइएको छ, त्यसलाई कसरी व्यवहारमा रुपान्तरण गर्ने भन्ने अन्यौल छ । बरु, विभिन्न मन्त्रालयबाट आएको बजेटलाई समावेश गर्ने नाममा बजेट विल्कुल भद्दा, विरोधाभाषपूर्ण र छरपष्ट छरेको देखिन्छ । स्थानीय तहको अधिकारलाई पनि संघको मानेर कार्यक्रम ल्याउन खोजिएको छ भने नीतिगत हिसाबले हामी यसरी अर्थतन्त्र सुधार गर्छौं भन्ने स्पष्ट खाका छैन ।

**त्यसोभए, बजेटले कोरोना महामारी, रसिया-युक्रेन युद्ध र आर्थिक मन्दीले प्रभावमा परेका क्षेत्रलाई समेटेर लैजान सकेन ?**

ठोस रुपमा सकेन । यद्यपि, निर्यातदेखि लिएर उद्योगलाई खुला गर्ने, बाहिरको पुँजी लगानी गर्न अनुमति लिनु नपर्ने, रुग्ण उद्योगलाई टेवा दिने र व्यवसायमा कर छुट दिने भन्ने ढंगबाट आएको छ । कोरोना महामारी मात्रै कारण होईन, त्यसपछि सरकारले जुन किसिमको कडाईका साथ मौद्रिक नीति लियो, त्यसमा पनि उच्च ब्याजदर त्यसले अर्थतन्त्र झनै शिथिल बन्यो । जसले गर्दा साना उद्योगी व्यवसायी ब्याजदर र मूल्यवृद्धिले उत्पादन लागत वृद्धिको मारमा परे । अहिलेपनि तुलनात्मक रुपमा तरलता छ भने बजारमा माग पनि छैन । तसर्थ, उनीहरुलाई पुर्नलगानीमा बजेटले जति पहल गर्नुपर्ने त्यति गरेको देखिँदैन ।

**वर्षेनी बजेटले महत्वकांक्षी योजना ल्याएपनि कार्यान्वयनमा किन कमजोरी देखिन्छ ?**

अवश्यपनि, बजेटको कार्यान्वयन नहुने समस्या नेपाल र नेपालीका लागि ठूलो चुनौती हो । यो वर्ष तुलनात्मक रुपमा जुनढंगले कार्यान्वयनको निम्ति स्रोत सुनिश्चितता र ठेक्का खारेजीको विषयले अलिकति सकारात्मक देखिन्छ । अब, सरकारले ठेक्का ९ महिनामा कार्यान्वयनमा नगए खारेज गर्ने, साउन १ गतेबाटै बजेट कार्यान्वयनको शुरुवात गर्ने र जग्गा र वातावरणको समस्या छ भने त्यसलाई सम्बोधन गर्नेगरी जानुपर्छ ।

निर्माण सामग्रीको पर्याप्तता भएपछि ठेक्का लगाउने हो भने यो वा त्यो बहानामा हुँदै आएको कार्यान्वयनको ढिलाईमा कमी आउन सक्दछ । तसर्थ, बजेटमा उल्लेख गरिएका विषयलाई अक्षरसः पालना गर्नेगरी सरकार अघि जानुपर्ने आवश्यकता देखिन्छ ।

**अब अन्त्यमा, आर्थिक मन्दीको प्रभावले प्रभावित अर्थतन्त्र सुधारका लागि के गनुपर्ला ?**

हामीले अर्थतन्त्र सुधारका लागि केही विषयमा ध्यान दिनु आवश्यक छ । पहिलो, अनावश्यक खर्चको भार बढ्ने गरी अघि बढ्नु हुँदैन, क्रियाकलापमा आधारित भएर खर्च प्रणाली चलायमान बनाउनुपर्छ, धेरै उदार हुँदा त्यसले मूल्यवृद्धि गराउँछ । निजी क्षेत्रलाई पनि प्रभावित बनाउन सक्छ । समष्टिगत आर्थिक र वित्तीय स्थायित्वलाई ख्याल गरेर सरकारले काम गर्न सक्छ । अर्कोतर्फ राजस्वका आधार विस्तार गर्न सकिन्छ । अहिले पनि धेरै क्षेत्र करको दायराबाहिर छन् । उनीहरूलाई करको दायराभित्र ल्याउनुपर्छ । मूल्य अभिवृद्धि करको दायरा बढाउनुपर्छ ।

करछली नियन्त्रण गर्ने र गडबडी गर्नेलाई कानूनको दायरामा ल्याउने हो भने राजस्व परिचालन बढ्छ । अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउनुपर्छ । उत्पादनशील क्षेत्रमा लगानी नबढाउने हो भने त्यसले स्रोत आँफैमा कमजोर बनाउँछ । उत्पादनशील क्षेत्रमा लगानी विस्तार गर्नसक्ने हो भने त्यसले अर्थतन्त्रलाई चलायमान बनाउँछ । हामीले कृषि, उद्योगजस्ता क्षेत्रमा घनिभूत सुधार गर्नुपर्छ ।

## हातेमालो साकोसले मनायो १६औं स्थापना दिवस



**अखिलेश कुमार यादव/मध्यान्ह**
बारा, २० जेठ ।

सप्ताहव्यापी कार्यक्रम गर्दै जीतपुरसिमरा २ को हातेमालो बचत तथा ऋण सहकारी संस्थाको १६औं स्थापना दिवस शनिवार सम्पन्न भएको छ । सिमरास्थित आफ्नै कार्यालय परिसर भित्र शनिवार सो संस्थाले आफ्नो १६औं स्थापना दिवस विभिन्न कार्यक्रमको आयोजना गरी सम्पन्न गरेको हो ।

हातेमालो बचत तथा ऋण सहकारी संस्था सिमराले आफ्नो स्थापना दिवसको अवसर पारेर एक हप्ता पहिला देखि नै रक्त जांच, दाँत चेक शिविर, आँखा शिविर लगाएत हयान्ड पाईप जडान जस्ता कार्यक्रम सम्पन्न गरेको थियो । साकोसले आफ्नो १६ औं स्थापना दिवसको अवसर पारेर बिभिन्न कलेजका छात्र/छात्रालाई नगद रकम सहित पुरस्कृत समेत गरेको थियो । त्यस्तै, आफ्नो संस्थामा कार्यरत कर्मचारीलाई समेत स्थापना दिवसमा संस्थाले सम्मान गरेको छ ।

तीन हजार आठ सयभन्दा बढी सदस्य रहेको संस्थाले अहिले ७० करोड रुपैयाँको कारोबार गरेको संस्थाको अध्यक्ष यज्ञबहादुर आलेले बताएका थिए । कार्यक्रममा बोल्दै मधेश प्रदेश सभा सदस्य देवनारायण चौधरीले संविधानले परिकल्पना गरेको आर्थिक समृद्धि र समाजवादका लागि सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका हुने भएकोले यसलाई प्राथमिकतासहित अघि बढाउन राज्य तयार भएको भनाइ राखेका थिए ।

अभियानमैत्री सहकारी ऐन् आवश्यक भएको बताउदै त्यसका लागि आँफूहरुले पहल गर्ने बताउँदै सहकारी क्षेत्रको माग सम्वोधन गर्न आफूहरु बारम्बार प्रदेश सभामा आवाज उठाइरहेको बताए । संस्थाका अध्यक्ष यज्ञबहादुर आलेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहजीकरण सचिव दीपक भट्टले गरेका थिए । यस बर्षको हातेमालो पत्रकारिता पुरस्कार नेपाल टेलिभिजनको बारा सम्वादाता गुरुप्रसाद गौतमलाई प्रदान गरिएको छ ।

उद्घाटन कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक टेकप्रसाद चौलागाइँ, मधेश प्रदेशका प्रदेश सभा सदस्य देवनारायण चौधरी, हातेमालो साकोसका पूर्व अध्यक्ष डा. कृष्ण पौडेल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, संघसंस्थाका प्रतिनिधि, सहकारी क्षेत्रका प्रतिनिधि र शेयर सदस्यहरुको पनि उपस्थिति रहेको थियो ।

## रेड्मी नोट १२ फाइभजी नेपाली बजारमा



**काठमाडौं/मस** - साओमीले रेड्मी नोट १२ (फाइभजी) नेपाली बजारमा सार्वजनिक गरेको छ । साओमी नेपालका कन्ट्री जनरल म्यानेजर अमित कुमार पंडाले उचित मूल्यमा नवीनतम प्रविधिसहितको सो मोबाइल बजारमा आएको बताएका छन् ।

एमोलेड डिस्प्लेयुक्त सो मोबाइलले १२० हर्ज रिफ्रेस दर प्रदान गर्ने कम्पनीले जनाएको छ । डबल सिम कार्ड चल्ने मोबाइलमा ८ जीबी ऱ्याम र २५६ जीबी भण्डारण छ । ३३ वाट फास्ट चार्जिङमा उपलब्ध रहेको सो मोबाइलको लामो समयसम्म ब्याट्री टिक्ने कम्पनीको दावी छ । मोबाइलमा ५ हजार एमएएचको ब्याट्री उपलब्ध छ ।

मोबाइलमा तीन वटा क्यामेरा जडित रहेको छ । मुख्य क्यामेरा ४८ एमपी, अल्ट्रा-वाइड ८ एमपी र म्याक्रो क्यामेरा २ एमपीको छ । सेल्फी खिच्ने क्यामेरा १३ एमपीको छ । ओनक्स ग्रे, फरेस्ट ग्रीन र आइसब्लु गरी तीन रंगमा फोन उपलब्ध छ । ६ र १२८ जीबीको मूल्य २९ हजार ९ सय ९९ रुपैयाँ तथा ८ र २५६ जीबी भेरियन्टमा ३१ हजार ९९९ रुपैयाँ छ ।

## रिलायबल इन्स्योरेन्सले गऱ्यो क्रिकेट खेलाडीको म्यादी जीवन बीमा



**काठमाडौं/मस** - रिलायबल नेपाल लाइफ इन्स्योरेन्सले नेपाल राष्ट्रिय क्रिकेट टीमका सम्पूर्ण खेलाडीहरुको रिलायबल म्यादी जीवन बीमा गरको छ । बुधबार क्रिकेट खेलाडीहरुको म्यादी जीवन बीमा गरेको रिलायबल इन्स्योरेन्सले जनाएको हो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खेलाडीको बीमा गरिएको जनाएको छ । उक्त बीमा हस्तानतरण कार्यक्रममा कम्पनीका वरिष्ठ सहायक महाप्रबन्धक दिपेशबाबु तिवारीले राष्ट्रको नाम उच्च राख्ने खेलाडीहरुलाई सहयोगले अझ बढी प्रोत्साहन गर्ने विश्वास व्यक्त गरे । कम्पनीले हालसम्म ५० लाखभन्दा बढी बीमालेखहरु जारी गरेको जनाएको छ ।


## कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**जामुनवारी, झापा**

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।

***वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।***

## बटेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बटेश्वर, धनुषा**
**मधेश प्रदेश, नेपाल**

### ‘लू’बाट बच्न सतर्कता अपनाउन बटेश्वर गाउँपालिकाको अनुरोध

**‘लू’का लक्षणहरू**

- बारम्बार प्यास लागिरहनु ।
- अनुहार रातो हुनु, टाउको दुख्नु, दिगमिग हुनु र बान्ता हुनु ।
- अत्याधिक तापक्रमका कारण बेहोस हुनु ।
- नाडीको गति धेरै बढ्नुका कारण बिरामीको शरीरको तापक्रम १०१ देखि १०४ सम्म हुनु ।
- बिरामीमा छटपटी र उदासीनताको भाव देखिनु ।

**‘लू’बाट बच्ने उपाय**

- काँक्रोको सेवन गर्नुपर्छ । गर्मी मौसममा काँक्रो खानाले शरीरले शीतलता प्राप्त गर्दछ । जसबाट एकाएक ‘लू’को असर पनि हुँदैन ।
- बेल, आँप, कागतीको सर्बतको सेवन गर्नुपर्छ । गर्मीमा बेल, आँप तथा कागतीको सर्बतले हाम्रो शरीरमा पानीको स्तरलाई कायम गरिराख्छ। जसले निकै हदसम्म लूबाट बचाउन पनि सहयोग पुऱ्याउँछ ।
- गर्मीको मौसममा कहिलेकाहीँ टाउको, खुट्टा तथा हातहरूमा मेहन्दी लगाउनाले पनि लूको असर कम हुन्छ ।
- घाममा खाली पेट निस्कनुहुँदैन, कागतीको सर्बत भए पनि खाएर निस्कनुपर्छ ।
- सकेसम्म धेरैभन्दा धेरै पानी पिउनुपर्छ ।
- घाममा धेरै ननिस्कनु नै उत्तम उपाय हो । यदि निस्कनै छ भने शरीरलाई पूरै तरिकाले ढाकेर मात्र निस्कनु होला ।

**‘लू’ लागेमा के गर्ने ?**

- लूको प्रथम उपचार भनेको शरीरको तापक्रम कम गर्नु हो । ‘लू’बाट पीडित व्यक्तिलाई शीतल, स्वच्छ हावा र वातावरण चिसो भएको राम्रो ठाउँमा सुताउनुपर्छ ।
- यदि तपाईंलाई ‘लू’ लाग्यो भने नजिकको चिकित्सकबाट तुरुन्त प्राथमिक उपचार गराउनुपर्छ, जसका कारण समयमा नै सबै कुराको नियन्त्रण हुन्छ ।
- ‘लू’ लागेको बिरामीले आफ्नो जीवन रक्षाका लागि घोल (नुन, चिनी, कागती र पानी) समय-समयमा पिइरहनुपर्छ ।
- ‘लू’ लागेपछि स्पञ्जलाई पानीमा भिजाएर बिरामीको निधार, हात, खुट्टामा दल्नुपर्छ । यसका साथै निधारमा बरफको पट्टी राख्नुपर्छ ।
- ‘लू’ लागेमा पाकेको तित्री (इमली) को गुदीलाई हत्केला र खुट्टाको पैतालामा लगाउनाले ‘लू’को असर कम हुन्छ । इमली पानी पिउनाले ‘लू’बाट तुरुन्तै राहत प्राप्त हुन्छ ।
- दही र मौसमी फलफुल जस्तै सुन्तला, अंगुर, खरबुजा र मौसमको रस लू ग्रस्त बिरामीलाई पिउन दिनुपर्छ ।
- पुदिनाको सर्बत पिउनाले पनि लूबाट राहत प्राप्त हुन्छ । लूका बिरामीलाई तरल पदार्थ नै पिउन दिनुपर्छ ।
- लू लागेमा प्याजलाई पकाएर त्यसमा जिरा, चिनी र गाईको घिउ मिसाएर बिरामीलाई खानदिनु पर्छ। यसो गर्दा बिरामीलाई धेरै आराम प्राप्त हुन्छ ।


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**